मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर १३ गते शुक्रवार (Friday, November 29. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–



सूचना

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य विग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# लागूऔषधको जालो तोडिँदै

## हालसम्मकै ठूलो परिमाणमा खैरो हेरोइन बरामद, ६ महिलासहित १३१ जना पक्राउ

**झापा, मंसीर १०।** अपराध नियन्त्रणमा आक्रामक तरिकाले कामलाई अगाडि बढाएको झापा प्रहरीले जिल्लामै पहिलोपटक ठूलो परिमाणमा लागूऔषध ब्राउन सुगरसहित दुई व्यक्तिलाई पक्राउ गरेको छ । लागूऔषधको जालो तोड्न प्रहरीले अभियान नै सञ्चालन गरेको जनाएको छ ।

प्रहरीले गौरादह-३ धोबिनिया चोकबाट सोही ठाउँ बस्ने ३२ वर्षीय सुनिल बराललाई हर्लिक्सको बट्टामा लुकाएर लैजाँदै गरेको अवस्थामा तीन सय ५२ ग्राम ३१ मिलिग्राम प्रतिबन्धित लागूऔषध खैरो हेरोइनसहित एउटा मोबाइल, बा८१प ६२४० नम्बरको स्कुटर र बा३च ९२५५ नम्बरको कार बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।




प्रहरीले गौरादहमा बराललाई पक्राउ गरेलगत्तै सोही दिन दमक नगरपालिका-४स्थित भाञ्जा होटल एण्ड लजको कोठा नम्बर- १०१ बाट भारतको मुर्सीदावाद जिल्लाको थाना लालगोला पोष्ट बासघरा ग्राम दक्षिण नोतिबोपासका २७ वर्षीय टुटुल भनिने रिन्टु सेखबाट दुई सय १७ ग्राम ६७ मिलिग्राम प्रतिबन्धित लागूऔषध खैरो हेरोइन, एक थान मोबाइलका साथै १३ हजार नेपाली नोट बरामद गरेको प्रहरी उपरीक्षक मैनालीले जानकारी दिए ।

प्रहरीले उनीहरुलाई गत कात्तिक २५ गते नै पक्राउ गरे पनि अनुसन्धान नसकिएकाले बिहीबार मात्र दमकमा पत्रकार सम्मेलन गरेर जानकारी गराएको हो । प्रहरीले गत बैशाखदेखि हालसम्ममा लागूऔषध कारोबारमा संलग्न १२५ जना पुरुष र ६ जना महिलालाई पक्राउ गरेको छ । प्रहरीले ८७ वटा मुद्दा दर्ता गरिसकेको जनाएको छ । एक जना लागूऔषध कारोबारी भने अझै फरार रहेकाले उनको खोजी तीब्र बनाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

गृहमन्त्रालयको तथ्याङ्कमा झापा लागूऔषध कारोबारी तथा प्रयोगकर्ताको हिसाबमा पाँचौं नम्बरमा रहेको छ । खुल्ला सीमानाको फाइदा उठाउँदै लागूऔषध कारोबारीले विभिन्न स्थानबाट नेपालमा लागूऔषध भित्र्याउने गरेको प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । लागूऔषध नियन्त्रण ऐन, २०३३का अनुसार लागूऔषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम वा तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झारपात, अफिम वा कोकाको सार तत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने पदार्थ र सरकारले तोकिदिएका प्राकृतिक तथा कृत्रिम लागूऔषध बुझिने प्रहरीले जनाएको छ ।

नेपालको कानूनले लागूपदार्थको अबैध ओसारपसार, सञ्चय तथा प्रयोग गर्न बन्देज लगाएको छ । लागू औषधको दुरुपयोगको समस्या दिनानुदिन बढिरहेकाले झापा प्रहरी आक्रामक शैलीमा लागूऔषध कारोबारी पक्राउ गर्न थालेको प्रहरी प्रवक्ता श्रेष्ठले बताए ।

प्रहरीले यसअघि बिर्तामोडबाट भदौ ५, १० र ११ गते प्रतिबन्धित खैरो हेरोइन (ब्राउन सुगर) सहित विभिन्न व्यक्तिलाई पक्राउ गरेको थियो । बिशेष गरेर किशोरकिशोरी अथवा बिद्यालयका बिद्यार्थीहरु बढी यसबाट प्रभाबित हुन पुगेको भन्दै प्रहरी समुदाय साझेदारी कार्यक्रम अर्न्तगत विभिन्न विद्यालयमा लागूऔषधविरुद्ध सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको जनाइएको छ ।

दमकमा लागूऔषध प्रयोगकर्ता समेत उच्च रहेको भन्दै यस क्षेत्रमा निगरानी बढाएसँगै धमाधम लागूऔषध कारोबारी पक्राउ पर्न थालेको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायब उपरीक्षक डीएसपी विनयराज पण्डितले जानकारी दिए । गौरादह र दमकबाट पक्राउ परेका लागूऔषध कारोबारीलाई लागूऔषध ऐन २०३३ बमोजिम १५देखि २५ वर्ष कैद वा जन्मकैद तथा सम्पत्ति जफत वा दुवै सजाय हुन सक्ने प्रहरीले जनाएको छ । जिल्लाका शहरी क्षेत्रमा लागूऔषध प्रयोगकर्ता धेरै रहेको भन्दै प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गरिरहेको छ । प्रयोगकर्तालाई सचेतनामूलक कार्यक्रमसहित सचेत गराउने, विभिन्न सुधार केन्द्र पठाउने काम गर्नुका साथै कारोबारीलाई पक्राउ गरेर लागूऔषधमुक्त जिल्ला बनाउन प्रहरी लागीपरेको जनाइएको छ ।

लागूऔषध कारोबारीको सञ्जाल निकै ठूलो रहेको भन्दै प्रहरीले काँकरभिट्टा, बिर्तामोड, दमकका साथै विभिन्न क्षेत्रमा निगरानी बढाएको जनाएको छ ।

**युवा उमेरमा जोखिम**

लागूऔषधको दुर्व्यसनमा युवायुवती बढी जोखिममा रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार उनीहरु किशोरावस्थामा नै कुलतमा फस्ने गरेका छन् । झापाका शहरी क्षेत्रमा युवायुवती बढी दुर्व्यसनमा फसेको पाइएको छ । संगत र बेराजगारीका साथै देखासिकी गर्ने प्रवृत्तिका कारण पनि युवापुस्तामा यसको जोखिम रहेको प्रहरी उपरीक्षक मैनालीले बताए । झापाका शहरी क्षेत्र काँकरभिट्टा, धुलाबारी, चारआली, बुधबारे, बिर्तामोड, भद्रपुर, दमक लगायतका क्षेत्रमा लागूऔषध प्रयोगकर्ता बढी हुन सक्ने प्रहरीले जनाएको छ ।

**लागूऔषध सेवनबाट कस्ता असरहरु देखा पर्छन् ?**

लागूपदार्थको कुलतमा फस्ने व्यक्तिहरु एकान्त बस्न मन पराउने, नियमित क्रियाकलापबाट भाग्न खोज्ने, कारणबिना रिसाइरहने, दैनिक कार्यमा बिनासूचना अनुपस्थित भइरहनु, राम्रो कुरा सुन्न नचाहने, पैसाको हिसाबकिताब नदेखाउनु, पैसा सामान चोरी हुँदै जानु, कम बोल्ने, झुठो बोल्ने, आँखा जुधाएर कुरा नगर्ने

(बाँकी अन्तिम पृष्ठमा)

## इन्स्पेक्टर हुँ भनी पैसा असुल्न खोज्ने पक्राउ

**झापा, मंसीर १२।** जिल्ला प्रहरी कार्यालय पर्साको क्राइम ब्राञ्चको प्रहरी निरीक्षक(इन्स्पेक्टर) हुँ भनी पैसा असुली गर्न खोजेको अभियोगमा वीरगञ्ज महानगरपालिका-५ बस्ने २७ वर्षीय दिव्यप्रकाश चतुर्वेदीलाई प्रहरीले पक्राउ गरेको छ ।

चतुर्वेदीले मकवानपुर हेटौंडा उपमहानगरपालिका-९ बस्ने एक व्यक्तिलाई प्रहरी हुँ भन्दै हप्काई पैसा मागेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

साथै चतुर्वेदी हातहतियार खरखजाना कसुरमा २०७५ चैत ३० गते जिल्ला अदालत पर्साको आदेशले १ लाख रुपैयाँ धरौटीमा छुटेको व्यक्ति भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## बर्जरको कलर गुणस्तरहीन




**काठमाडौँ, मंसीर १२।** गुणस्तर तथा नापतौल विभागले बहुराष्ट्रिय कम्पनी बर्जरको उत्पादन इनामेल गुणस्तरहीन भएको जनाएको छ ।

नेपाल गुणस्तरले तोकेको मापदण्ड भन्दा बर्जरले उत्पादन गरेको इनामेलमा सिसा (लिड)को मात्रा धेरै रहेको फेला परेको जनाइएको छ ।

यसआधारमा गुणस्तर तथा नापतौल विभागले कारवाही अघि बढाउने तयारी गरेको छ । उद्योग तथा बजारबाट नमूना संकलन गरी गरेको परीक्षणमा बर्जरले उत्पादन गर्दै आएको इनामेलमा सिसाको मात्रा धेरै भेटिएको थियो ।

नेपालको मापदण्ड अनुसार इनामेलमा लिडको मात्रा ९० पार्ट्स् पर मिलियन (पीपीएम)भन्दा कम हुनुपर्नेमा बर्जरले उत्पादन गर्दै बजारमा पठाएको इनामेलमा लिडको मात्रा मापदण्ड भन्दा दोबर बढी प्रयोग भएको फेला परेको विभागले जनाएको छ ।

## मन्दिरमा घुस

**बिर्तामोड, मंसीर १२।** घर जग्गा एकीकृत सम्पत्ति कर तिर्न र व्यवसाय दर्ता प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको आरोपमा वडासचिव पक्राउ परेका छन् ।

राजधानीको गोकर्णेश्वर नगरपालिका वडा नम्बर ५का वडा सचिव दिनेश बाँस्कोटा २५ हजार रुपैयाँ घुससहित पक्राउ परेका हुन् । उनले एक व्यक्तिसँग घुस मागेको र

(बाँकी अन्तिम पृष्ठमा)

## 'बिर्तामोड-भद्रपुर सडकखण्ड समयमै निर्माण सम्पन्न हुन्छ'

**झापा, मंसीर १२।** निर्माण व्यवसायी विकास मल्लले बिर्तामोड-भद्रपुर सडकखण्ड निर्धारित समयमै निर्माण सम्पन्न गर्ने बताएका छन् ।

झापाको बिर्तामोडमा विहीवार पत्रकार सम्मेलन आयोजना गर्दै उनले निर्माण व्यवसायी राजकिशोर गुप्तालाई पेटी कन्ट्याकमा सडक निर्माणको जिम्मा दिएकोमा उनले समयमा काम नगरेपछि उनलाई हटाएर आफैले सडक निर्माण गर्ने बताउँदै समयमै निर्माण सम्पन्न गर्ने बताए ।

अहिलेसम्म ३० प्रतिशत मात्र सडक निर्माणको काम भएको उल्लेख गर्दै उनले अब निर्माण कार्यलाई तीव्रता दिइने जनाए । निर्माण व्यवसायी केदार गिरीसंग सामान लिएर धमाधम सडक निर्माणको काम हुन्छ- उनले भने - तीव्र गतिमा काम गरेर वर्षअघि नै सडक हस्तान्तरण गर्छौं ।

२०७६ पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्नुपर्ने गरी करसहित २७ करोड ९ लाख ७० हजार ९६ रुपैयाँमा सडक निर्माणको सम्झौता भएको थियो । समयमा सडक निर्माण नहुने अवस्था देखिएपछि




जनप्रतिनिधि र स्थानीयको दवावमा कामलाई तीब्रता दिन डिभिजन सडक कार्यालय दमकका प्रमुख श्यामकुमार यादवले आशिष प्रेरा जेभीलाई दवाव दिएका थिए । सडकबाट हालसम्म भ्याट बाहेक सो सडकको ६ करोड ४५ लाख रुपैयाँ भुक्तानी भइसकेको छ । काम सक्नु पर्ने समय ४६ दिन मात्र बाँकी छ । सार्वजनिक खरिद नियमावलीमा ६ महिना म्याद थप्न सकिने व्यवस्था छ ।

विर्तामोडको भद्रपुर रोडमा विर्ताबजारसम्म ४ लेन र त्यसपछि २ लेन निर्माण हुने पहिलेको ठेक्का थियो । पछि प्रधानमन्त्रीको निर्देशनमा सबै ४ लेनको बनाउने भनेर ठेक्का थप भएको छ । प्रमुख यादवले पुस मसान्तसम्ममा नै काम सक्नुपर्ने सम्झौता रहेको र अहिलेसम्म म्याद थप नगरिएको बताए ।

## बेहुलाले दाइजो लिएनन्, बेहुलीले बाँडिन् कपडा



**झापा, मंसीर १२।** अझै पनि तराइका अधिकांश स्थानमा विवाहमा दाइजो माग्ने चलन छ । वेहुला पक्षले वेहुली पक्षलाई दाइजोमा कुरा मिलेपछि मात्रै विवाह हुँदै आएको छ ।

तर, सप्तरीमा केटा पक्षले केटी पक्षसंग दाइजो नमागेपछि केटी पक्षले विवाहमा प्रदान गर्न तयार पारेको रकमले विपन्न परिवारलाई लत्ताकपडा वितरण गर्दै नमूना कामको शुरुवात गरेका छन् ।

सप्तरीको हनुमान नगर कंकालिनी नगरपालिका-४ मधवापुरकी अभिलाषा झा र सप्तरीकै बलान बिहुल गाउँपालिका-४का अमितकुमार झाको

(बाँकी अन्तिम पृष्ठमा)

## 'विकास निर्माणमा ढिलासुस्ती हुँदैन'

**झापा, मंसीर १२।** भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङले विकास निर्माणका कामलाई सरकारले ढिलासुस्ती नगर्ने बताएका छन् ।

झापाको चन्द्रगढी विमानस्थलमा विहीवार पत्रकारसंग कुराकानी गर्दै मन्त्री नेम्वाङले यस्तो बताएका हुन् ।

उनले यो सरकारले विकास निर्माणका कामलाई तीब्रता दिने र काममा ढिलासुस्ती गर्ने ठेकदारलाई कारवाही गरिने बताए । गृहजिल्ला पाँचथरमा मंसीर १४ गते हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर मन्त्री नेम्वाङ झापा हुँदै पाँचथर हिँडेका

(बाँकी अन्तिम पृष्ठमा)

## किसानलाई भारतीय मजदुरको भर



रत्नबहादुर बस्नेत

**गरामनी, मंसीर १२।** मंसीर महिना किसानका लागि सबैभन्दा महत्वपूर्ण समय मानिन्छ । असारमा रोपेको मानो मुरीमा परिणत गर्ने सपना पूरा गर्ने समय पनि यही हो ।

तर, यतिखेर गाउँघरका युवा विदेशिएपछि कृषि मजदुरको अभावमा खेतीपातीको काम गर्न किसानलाई अप्ठ्यारो पर्दै गएको छ । कृषि मजदुरको अभाव भएसँगै कृषि कर्म गर्न किसानलाई समस्या परेको हो । झापाका ग्रामीण भेगमा यतिखेर धानबाली उठाउन र भण्डारण गर्न ज्याला मजदुरी गर्ने जनको अभाव भएपछि किसान मारमा परेका छन् ।

युवा विदेशिएका र भएका पनि अन्य काममा जाने गरेकाले भारतीय मजदुरको भरमा खेती उठाउनु परेको बिर्तामोड-९का कृषक छत्रकुमारी घिमिरेले बताइन् । समयमा काम लगाउँन नपाउँदा रोग किरा आदिको आक्रमणले धानमा नोक्सानी व्यहोर्नुपरेको उनले बताइन् । बिर्तामोड-१० बिराटपोखर क्षेत्रमा बर्षेनि भारतीय कामदार आउने गरेको भए पनि कामको चापले उनीहरुलाई भ्याइनभ्याइ हुन्छ ।

अर्का कृषक डिल्लीराम निरौला आफूले

(बाँकी अन्तिम पृष्ठमा)


कक्षा ९ र १० नपढी सिधै SEE/SLC पास

प्राईभेट SLC

फारम भर्न केही दिन बाँकी
100% ग्यारेन्टी पास नगरे पैसा फिर्ता

के यूवा,के बुढेसकाल अब सबैले पास गरौं । फोन बाटै Admission गरौं
कक्षा ९,१० वा SLC फेल भएका र पढाईबाट हरेस् खाईसकेकाहरुको लागी
गृहणी,व्यापारी,जागिरे,नेता वा कार्यकर्ता सबैले घरमा बसिबसि पास गर्नसकिने ।
८ पास गरी तर बिचमा पढाई छोडी वा बिदेश गएकाहरुको लागी प्राईभेट SLC
सानै उमेरमा विवाह गर्दा,उमेर नाघेर विद्यालय जान लाज लाग्नेहरुको लागी
कक्षा ६,७ पास गरी बीचमा पढाई छोडेकाले पनि कक्षा ८ पास गर्न सक्नेछन् ।
तपाई कुनै भ्रममा हुनुहुन्छ भने स्मरण रहोस्
१. विद्यालयको नै मार्कशिट पाईने २. १ वर्षमा नै SEE पास गर्न सकिने
शान्ति सेनामा जान वा जागिरबाट बञ्चित सबैले हामीलाई सम्झनुहोस् ।

MN पूर्वाञ्चल it कलेज
COMPUTER LANGUAGE,TUITION & ABROAD STUDY....
Birtamod,Jhapa Nepal 9825343424-9815961033
Urlabari-07, Morang, Nepal 9804386992-9815961033
Damak-5, Jhapa, Nepal 9815961033,9800933535
Taplejung - 9824065901, Phidim - 9807044522, Ilam - 9824066002



पशुपति RMC को उत्पादन अब तपाई हाम्रो शहरमा

के तपाई घर तथा कुनै भौतिक संरचना निर्माण गर्दै हुनुहुन्छ ? घर तथा भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झञ्झटबाट मुक्त हुनुहोस् । तपाई हाम्रो शहर बिर्तामोडमा अत्याधुनिक प्रविधिबाट तयार गरिएको गुणस्तरीय ढलान सामाग्री RMC उत्पादन तथा बिक्री वितरण भइरहेकोले उच्चस्तरीय निर्माणका लागि सीधै हामीलाई सम्झनुहोस् । सस्तो सुलभ ।



भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झञ्झटबाट मुक्त हुनुहोस् ।

९८०१४१८७१३

पशुपति RMC बिर्तामोड-२, रामचोक, (झापा)



पायल्स तथा फिस्टुलाको उपचार


पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **मंसीर १३ र १४** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)



नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# सेनाको मुख्यालयमा 'नालापानी'



**झापा, मंसीर १२।** नेपाली भू-भाग लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भू-भाग भन्दै भारतले सार्वजनिक गरेको नयाँ नक्साको चौतर्फी बिरोध भइरहेको बेला नेपाली सेनाले नालापानीको विषयबस्तु समेटेर तयार गरेको चलचित्र नालापानी हेरेको छ ।

'गो व्याक इण्डिया' भन्दै नेपालीले भारतको विरोध गरिरहँदा ऐतिहासिक चलचित्र 'नालापानी' नेपाली सेनाले मुख्यालयमै हेरेको हो । निर्माण युनिटले नेपाली सेनाको मुख्यालयमा फिल्मको पहिलो प्रदर्शन गरेको छ । सो अवसरमा नेपाली सेनाका प्रधानसेनापति महारथी पूर्णचन्द्र थापाले पूरै फिल्म हेर्दै आफूलाई सन् १८१४ सालतिर पुगेको महशुस भएको बताए । थापाले फिल्म 'नालापानी' ले नेपालको रक्षाको लागि पूर्खाले गरेको योगदान पुन: ताजा गरिदिने धारणा राखे ।

'हामीले आफ्नो इतिहासलाई बिर्सियौं भने हामीले हाम्रो राष्ट्रलाई पनि बिर्सन्छौँ'- थापाले भने- युद्ध जित्नलाई हतियारले सहयोग गर्छ । तर, युद्ध जित्न बिना रणनीति हतियारले मात्र केही काम गर्दैन भनेर फिल्मले सन्देश दिएको छ । फिल्म 'नालापानी' ले नेपाली सेनामा वीररस थप्ने विश्वास थापाको रहेको छ । विशेष शो मा राष्ट्रपतिका स्वकीय सचिव भेषराज अधिकारी तथा राष्ट्रपति सचिवालयका सदस्यहरु एवम् ३०० जनाभन्दा बढी नेपाली सेनाका अधिकारीहरुको सहभागिता रहेको थियो ।

भिएफएक्सको अधिक प्रयोग भएको 'नालापानी' सन् १८१४मा देहरादुनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंलाई आधार बनाएर निर्माण भएको छ । प्रा.डा. धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित 'नालापानी' रिमेश अधिकारीले निर्देशन गरेका हुन् ।

फिल्ममा देशभक्त खनाल, अर्जुनजंग शाही, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, बिजय बिष्फोट, पुजना प्रधान, गीता अधिकारी, महावीर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, जनक बर्तौला, विशाल श्रेष्ठ, सहिना भट्टराई, गीत बिष्ट, युग जंग कार्की, सिमन खड्का, सुशील खड्का (डेभिड), बाल कलाकार तेजस्वी अधिकारी, हार्दिक थपलिया, प्रनिश शाक्य, निर्माण थपलिया साथै बिदेशी कलाकारहरु एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र साम लगायतको अभिनय रहेको छ ।

रिमेश अधिकारी फिल्म प्रोडक्सन प्रालिको प्रस्तुति रहेको फिल्म निर्माणमा बीजीवी इन्टरटेन्मेन्ट र गंगानारायण फिल्मस्को समेत सहकार्य छ । फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व, रामशरण उप्रेतीको छायाँकन, विपीन मल्लको सम्पादन रहेको छ । सहनिर्माता पुजना प्रधान र गणेश कार्की रहेका छन् ।

# हुलाकी सडकको आजबाट सर्भे

**झापा, मंसीर १२।** बहुप्रतिक्षित हुलाकी राजमार्ग अन्तर्गत झापाको रतुवा खोलादेखि पूर्व विरीङ खोलासम्मको बाटो निर्माण कार्य शुरू हुने भएको छ ।

निर्माण कार्यको ठेक्का लिएको मोदीदान कन्ट्रक्सन सेवन प्रालि काठमाडौं र हुलाकी राजमार्ग आयोजना इटहरीले संयुक्त रूपमा उक्त बाटोको सर्भे आज शुक्रबारदेखि थाल्ने भएपछि निर्माण कार्य शुरू हुने आशा पलाएको हो ।

मोदीदान कन्ट्रक्सन सेवा प्रालिका प्रमुख रामबहादुर गौतमका अनुसार रतुवा खोलादेखि पूर्व २६ किलोमिटर बाटो निर्माण गर्न १ अरब ५० करोड रूपैयाँमा ठेक्का लिएको हो ।

कम्पनी र हुलाकी राजमार्ग आयोजनासँगको संयुक्त सर्भे पश्चात निर्माण कार्यले तीव्रता लिने कम्पनीका प्रमुख गौतमले बताए ।

साविक बाटोको बीचको विन्दुलाई केन्द्र मानी बाटोको दायाँबायाँ १५-१५ मिटर चौडा बनाइ ७ मिटरको पिच हुने उनले बताए । बाटोमा पर्ने कल्भर्ट र पाइप कल्भर्ट साथै बजार क्षेत्रमा नालासहितको बाटो निर्माण हुनेछ । कम्पनीले ३ वर्ष अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता भएको छ ।

# गाउँ-गाउँमा वित्तीय पहुँच, सेवाग्राही भने असन्तुष्ट

**झापा, मंसीर १२।** केही वर्षअघिसम्म रकम जम्मा गर्न मानिसहरू बैंक धाउँथे । आजकाल वित्तीय पहुँच सहज भएकाले बैंकर्सहरू आकर्षक नारा दिएर ग्राहकका घरदैलामा पुग्न थालेका छन् ।

उनीहरूले आफ्ना संस्थाले दिने बचतमा ब्याज, ऋणमा लाग्ने ब्याजदर, लगानीका क्षेत्र, जोखिमको अवस्थाका सम्बन्धमा घरदैलासम्म पुगी सेवाग्राहीलाई जानकारी गराउन थालेपछि बैंकप्रतिको विश्वास बढ्दै गएको छ । विश्व बैंकका अनुसार सन् २०१७मा १५ वर्षभन्दा बढी उमेरका ५० प्रतिशत पुरुष र ४२ प्रतिशत महिला गरी औसतमा ४५ प्रतिशत नेपालीको बैंक खाता छ ।

नागरिकलाई सर्वशुलभ रूपमा गुणस्तरीय वित्तीय सेवा पुऱ्याउनु केन्द्रीय बैंकको महत्वपूर्ण काम मानिन्छ । ऋणी श्यामसुन्दर श्रेष्ठ भने बैकप्रति अलग्गै धारणा राख्छन् । उनले शुरु-शुरुमा चित्तबुझ्दो गरी सेवाग्राहीलाई रिझाउने र पछि एक वर्ष नपुग्दै कर्जामा चर्को ब्याज वृद्धि र बचतमा कम ब्याज दिएर ग्राहकलाई झुलाइराखेको बताए ।

बैंकको ब्याजमा एकाधिकार रहेको व्यापारी कृष्णसुन्दर मकाजूको भनाइ छ । कुन बैंकमा बचत गर्ने सेवाग्राही रनभुल्लमा परेका छन्- उनले भने । चर्को ब्याजदरको अलावा बैंकहरूले विभिन्न बहानामा सेवा तथा अन्य शुल्क थुपारेर ऋणीहरूको चित्त दुखाइरहेको गुनासो छ । बैंकहरूले व्यापक नाफा आर्जन गरेका छन् ।

अर्थशास्त्रका जानकार भवानी खनालका अनुसार वित्तीय सेवामा नागरिकको पहुँच स्थापित हुनु महत्वपूर्ण हो । तर, नागरिकमा वित्तीय सेवाको उपयोग गर्ने चाहना र आवश्यकता दुबै हुनुपर्ने तथा वित्तीय पहुँच सुनिश्चित हुन वित्तीय सेवाको आपूर्ति र माग दुबै पक्ष सुदृढ हुन जरुरी छ भन्छन् ।

शहरी क्षेत्रमा ८९ प्रतिशत जनता ३० मिनेटभित्र नजिकको वाणिज्य बैंकको शाखामा पुग्न सक्छन् भने ग्रामीण क्षेत्रमा २७ प्रतिशत जनता मात्र यो समयमा नजिकको वाणिज्य बैंक शाखामा पुग्ने स्थिति रहेको छ । एक घण्टाभित्र वाणिज्य बैंक पुग्न सक्ने घरपरिवार तराई क्षेत्रमा ७५ प्रतिशत, पहाडमा ४५ प्रतिशत र हिमालमा १७ प्रतिशत रहेको छ । वाणिज्य बैंकमा पुग्न लाग्ने औसत समय शहरी क्षेत्रमा १६ मिनेट र ग्रामीण क्षेत्रमा १३५ मिनेट रहेको छ ।

बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने नीति अवलम्बन गर्न थालेपछिको एक दशकको अवधिमा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घट्दै गएको छ । सो अनुसार २०७१ असारमा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या २०४ रहेकोमा २०७५ असारमा १५१मा झरेको छ भने केही नयाँ लघुवित्तीय संस्थाको इजाजत थपिएकोले २०७६ साउनमा १७१ पुगेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार तीव्र गतिमा भइरहेको छ । विगत चार वर्षको अवधिमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या दोब्बर भई २०७६ साउनमा ८८०५ पुगेको छ । २०७५ असारमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ६६५० रहेको थियो ।

सरकारले सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा पुऱ्याउने नीति छ । सो अनुरूप २०७६ असारसम्म ७३९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ ।

## खेल समाचार

# भद्रपुरमा जिल्लास्तरीय क्रिकेट

**भद्रपुर, मंसीर १२।** झापाको भद्रपुरस्थित मेची रंगशालामा जिल्लास्तरीय टी-ट्वान्टी लिग क्रिकेट प्रतियोगिता हुने भएको छ ।

भद्रपुर-१०स्थित आदर्श क्रिकेट एकाडेमीले जिल्लामा छरिएर रहेका क्रिकेट खेलाडी उत्पादन गर्न सहयोग पुग्ने उद्देश्य राखेर यही मंसीर १८ गतेदेखि २४ गतेसम्म जिल्लास्तरीय टी-ट्वान्टी लिग क्रिकेट प्रतियोगिता गर्न लागेको हो । एकाडेमीले विहीबार चन्द्रगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत प्रतियोगिताको बारेमा जानकारी गराएको थियो ।

प्रतियोगितामा बोस्टन क्रिकेट एकाडेमी बिर्तामोड, युनाइटेड क्रिकेट एकाडेमी बिर्तामोड, धुलाबारी क्रिकेट एकाडेमी मेचीनगर, मिलन क्रिकेट क्लब मेचीनगर, आर्दश क्रिकेट क्लब कचनकवल, मेची बहुमुखी क्याम्पस भद्रपुर, पैट्रियाटिक क्रिकेट



एकाडेमी दमक र आयोजक आदर्श क्रिकेट एकाडेमीसहित आठ वटा टिमको सहभागिता रहने एकाडेमीका अध्यक्ष तुलसी कार्कीले बताए ।

बाबा एजुकेशन कन्सल्टेन्सी काठमाडौं मुख्य प्रायोजक रहेको प्रतियोगितामा बिजेता र उपविजेता टिमलाई क्रमश: ३५ हजार र २० हजार नगदसहित ट्रफी प्रदान गरिनेछ । प्रतियोगितामा म्यान अफ द सिरिजमा नगद ५ हजारसहित बेष्ट ब्याटसम्यान, बेष्ट बलर, बेष्ट विकेट किपर र उदीयमान खेलाडीलाई जनही २५ सय नगदसहित मेडल प्रदान गरिने कार्कीले बताए । प्रतियोगिता सम्पन्न गर्नका लागि २ लाख ८३ हजार ३ सय रुपैयाँ अनुमानित खर्च हुने जनाइएको छ । त्यस्तै सोही प्रतियोगितामै नगर विद्यालयस्तरीय टी- टेन लिग क्रिकेट प्रतियोगिता समेत आयोजना हुने भएको छ ।

नगरभरिका आठ वटा विद्यालयले प्रतियोगितामा सहभागिता जनाउने भएका छन् । भद्रपुर नगरपालिकाले खेल मैदान तयारी गरिदिने भएको छ भने एकाडेमीका खेलाडीलाई स्थानीय काफ्ले युनिफर्मले जर्सी नि:शुल्क उपलब्ध गराउने भएको छ । आदर्श सेवा समितिका अध्यक्ष हरि घिमिरेको अध्यक्षता तथा भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सञ्चालन स्थानीय पूर्व खेलाडी अभिषेक ढुङ्गानाले गरेका थिए ।

# कप्तानबारीमा फुटबल शुरु

**झापा, मंसीर १२।** अर्जुनधारा-६स्थित दीपज्योति खेल मैदानमा बिहीबारदेखि झापा जिल्लास्तरी नकआउट फुटबल प्रतियोगिता शुरु भएको छ ।

उद्घाटन खेलमा शनिश्चरे एफसीले शानदार बिजयी शुरुवात गरेको छ । स्पर्धी धुलाबारी एकाडेमीलाई ६-० गोल अन्तरले पराजित गर्दै शनिश्चरे एफसी सेमीफाइनलमा प्रवेश गरेको छ । पहिलो हाफमा १ गोलले अग्रता लिएको शनिश्चरेले दोस्रो हाफमा गोलको वर्षा गरेको थियो । शनिश्चरेका लागि पेमा तामाङले खेलको ३०औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए ।



दोस्रो हाफको ३९ र ४७ मिनेटमा सौरभ लिम्बूले व्यक्तिगत दुई गोल गरेका थिए भने अभिषेक राईले ३१, सरोज कार्कीले ४९ र नानी लिम्बूले ५४औं मिनेटमा गोल गरेर टिमलाई सेमीफाइनल यात्रा दिलाए । खेलमा व्यक्तिगत दुई गोल गरेका सौरभ लिम्बू म्यान अफ द म्याच घोषित भए । उनलाई उद्घाटन खेलका प्रमुख अतिथि तथा संविधानसभा सदस्य प्रेम गिरी र झापा जिल्ला फुटबल संघका सदस्य टेकराज तिलिङले नगद २ हजार प्रदान गरे ।

कप्तानबारी युवा क्लबले आयोजना गरेको प्रतियोगितामा आज शुक्रबार राजगढ एफसी र जलथल एफसीबीच खेल हुनेछ । प्रतियोगिताको विजेताले नगद ३० हजार र उपविजेताले नगद २० हजारसहित ट्रफी पाउने आयोजक क्लबका अध्यक्ष श्याम दनुवारले जानकारी दिए ।

# बाह्रघरेमा अन्तर्राष्ट्रिय कराते हुने

**झापा, मंसीर १२।** अर्जुनधारा- ९ स्थित बाह्रघरेमा प्रथम बाह्रघरे आमन्त्रित अन्तर्राष्ट्रिय महिला तथा पुरुष कराते प्रतियोगिता हुने भएको छ ।

नेपाल सितोरियो कराते बाह्रघरे डोजोको आयोजनामा नेपाल, भारत र भुटानका १० वटा डोजोबीच आउँदो पुस ५ गते प्रतियोगिता हुने बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिइयो । प्रतियोगितामा नेपालका आठ, भारत र भुटानका एक/एक वटा डोजोको सहभागिता रहने क्लबका अध्यक्ष नारदमणि नेपालले बताए ।



प्रतियोगितामा २ सय जना खेलाडीले सहभागिता जनाउनेछन् । नेपालका स्थानीय डोजोका लागि २५ केजी तौलदेखि ६० केजीभन्दा माथिको तौल समूह र भारत तथा भुटानका लागि ४० केजीदेखि ६० केजीभन्दा माथिको तौल समूहबीच प्रतिस्पर्धा हुने एशियन कराते रेफ्री कुमार उप्रेतीले जानकारी दिए ।

नेपाल भ्रमण वर्ष २०२०लाई लक्षित गरी प्रतियोगिता आयोजना गरिएको बताउँदै उनले अन्तर्राष्ट्रिय स्तरमा स्थानीय खेलाडीको पहुँच पुऱ्याउन अर्को उद्देश्य रहेको बताए । झापा जिल्ला कराते टेक्निकल कमिटीको प्राविधिक सहयोग रहने प्रतियोगिता सम्पन्न गर्न करिब चार लाख ५० हजार खर्च लाग्ने डोजोका सचिव हेमलाल परियारले बताए ।

## लागूऔषधको ...

जस्ता असरहरु देखापर्ने चिकित्सकहरुको भनाइ छ ।

**यसका जोखिमहरु**

लागूऔषध प्रयोगकर्ताहरुमा मानसिक रोगको प्रभाव पर्ने, आत्तिने, मतिभ्रम हुने, कुपोषण जस्तो देखिने, तौल घट्दै जाने, स्मरणशक्ति कम हुँदै जाने, महिलामा महिनावारी गढबढ हुने, ग्याष्ट्रिक, अल्सर जस्ता रोग लाग्ने, क्षयरोग एचआइभी, एड्स तथा हेपाटाइटिस जस्तो रोग लागेर मृत्यु समेत हुन सक्ने जनाइएको छ ।

**कसरी बच्न र बचाउन सकिन्छ ?**

छोराछोरीको स्कूल समय बाहेक जाने ठाउँ र साथीसंगतीहरुको जानकारी राख्नुपर्ने प्रहरीले जनाएको छ । बालबालिकालाई अध्ययनको साथै सामाजिक, सांस्कृतिक तथा अन्य काममा पनि व्यस्त राख्ने, खराब संगतबाट टाढा राख्ने, लागूपदार्थ र त्यसको असरबारे बिद्यालय तथा परिवारले बुझ्ने र बुझाउने, लागूपदार्थ दुर्व्यसनमा लागीसकेकालाई उपचार तथा पुनर्स्थापना केन्द्रमा पठाउने व्यबस्था गर्ने, लागूपदार्थको कारोबारीलाई कानूनको कठघरामा उभ्याउन नागरिक समाजलाई सक्रिय बनाउनुपर्ने प्रहरीको भनाइ छ ।

## किसानलाई ...

उनीहरुलाई काममा बोलाउँदा नआएको गुनासो गरे ।

मैले उनीहरुलाई पटक-पटक बोलाएँ तर हामी एकछिन् पनि भ्याउँदैनौं भने के गर्नु ?- निरौलाले भने । यसपाली एकातिर काम गर्ने जनको अभाव छ भने अर्को अर्कोतिर पाकेको बालीमा नयाँ रोग तथा किराको प्रकोपले दोहोरो मारमा परेको किसानहरु बताउँछन् । धेरै किसानको धान सुकेको र काट्न र बिटा उठाउन ढिलो हुँदा किराले काटेर आधीसरो धान भुइँमा झर्ने गरेको पाइएको छ । धानमा यस्तो नौलो रोगकिराको संक्रमण भई क्षति भइरहेको भए पनि सम्बन्धित निकायले चासो नदिएको उनीहरुको गुनासो छ ।

छोटो समयावधिका लागि आउने भारतीय मजदुरको कमाइ पनि राम्रै हुने गरेको छ। फुर्सदको समयमा करिब एक महिनाका लागि आफूहरु बिहारबाट झापा आउने गरेको भारतीय मजदुर अब्दुल अदम खान बताउँछन् । बाह्र जना समूहका डफेदार (नाइके) रहेका उनले श्रम गरेर प्रति व्यक्ति २५देखि ३० हजार रुपैयाँसम्म बचत गर्ने गरेको बताए ।

## बेहुलाले ...

बिहीबार सम्पन्न विवाहमा केटीपक्षले मुस्लिम टोल, मुसहर टोलका ४ सय २५ जनालाई साडी, धोती र भेस्ट वितरण गरेका हुन् । नम्बरी खेत, मोटरसाइकल, लैनौ भैंसी, नगद रुपैयाँ दाइजोमा नदिए अझै पनि विवाह नै नहुने तराई मधेसमा बेहुला पक्षले दाइजो नमागेकाले बेहुलीका बुवा शैलेन्द्रचन्द्र झाले दाइजो दिन तयार गरेको रकम गरीब, दलितका लागि खर्च गरेका हुन् ।

छोराछोरी बराबर भएकाले दुबैलाई पढाएको छु, विवाहमा केटा पक्षले दाइजो नै नमागेपछि खुशीसाथ गरिबलाई कपडा बितरण गरेर छोरीका लागि आशिर्वाद मागेको हुँ- उनले भने- दाइजो लिनुदिनु सामाजिक कुरीति हो, यसलाई हटाउन आफैंबाट थालेको हुँ ।

दाइजोमा भने जति रकम नपुग्दा कतिले विवाह समेत तोडेर हिँडेका थुप्रै उदाहरण छन् । यस्तोमा आफ्नै गाउँठाउँमा उदाहरणीय विवाह भएकोमा गौरव महशुस भएको विवाहको निम्तो मान्न पुगेका संविधान सभा सदस्य अशोक मण्डलले बताए । केटापक्षले आफूहरु दाइजो प्रथाको बिरोधी रहेकाले दाइजो नमागेको बताए । अमितले आफ्नी हुनेवाला श्रीमती इञ्जिनियर र रोजगारी पनि गरिरहेकीले आफूलाई श्रीमतीको सोही शिक्षा नै दाइजो भएको भन्दै दाइजो नमागेको बताएका छन् । विवाहअघि बेहुलीले मधवापुरको तीन टोलका एक सय २५ जना महिलालाई साडी, २० जना पुरुषलाई धोती र २७५ जना बालबालिकालाई भेष्ट वितरण गरिन् ।

दक्षिणासहित आशिर्वाद लिने चलन विपरीत बेहुलीका हातबाट नयाँ वस्त्र ग्रहण गर्दै गाउँलेले बेहुलीको टाउकोमा हात राखेर आशिर्वाद दिएका थिए । बेहुली अभिलाषाले गरिब, दलितलाई साडी, धोती बाँडेर आशीर्वाद माग्दा आफ्नो सपना पूरा भएको विश्वास व्यक्त गरिन् । उनले विवाहमा दाइजो दिनुपर्ने रुपैयाँ सामाजिक काममा खर्च गर्न पाउँदा खुशी लागेको बताइन् । काठमाडौं र राजविराजमा घर भए पनि मूलघर मधवापुरबाटै गाउँलेलाई साक्षी राखी विवाह गर्न पाएकोमा उनी खुशी देखिन्थिन् ।

विवाहको अवसरमा ग्रामीण विपन्न परिवारलाई नयाँ कपडा वितरण गरेकोमा जाडो छल्न सजिलो हुने दृष्टिविहीन चन्दन सदाले बताए । अभिलाषा समाजसेवी एवम् राजनीतिकर्मी शैलेन्द्रचन्द्र झाकी छोरी हुन् । इञ्जिनियर अध्ययन पूरा गरी अभिलाषा नेपाल स्काउटमा कार्यरत् छिन् । अमित पनि इञ्जिनियर हुन् । समाजकै लागि नमूनायोग्य काम भएको भन्दै उनीहरुको चर्चा अहिले चुलिएको छ ।

## मन्दिरमा ...

घुस वापतको रकम गोकर्णेश्वर नगरपालिका-६स्थित लक्ष्मीनारायण मन्दिर परिसरमा लिन जाँदा पक्राउ परेका हुन् । उनलाई अख्तियारको टोलीले रंङ्गेहात पक्राउ गरेको अख्तियारका प्रवक्ता प्रदीप कोइरालाले बताए ।

## विकास ...

हुन् । उनले बिर्तामोड-भद्रपुर सडकखण्ड निर्माणका लागि निर्माण व्यवसायीलाई काम छिटो गराउन सडक डिभिजन कार्यालयलाई निर्देशन समेत दिएका थिए ।


## जग्गा बिक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।८।१३ | ११ केभी अनारमनी फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको बिर्ताबजार, सैनिक बजार, हल्दिवारी-१, गोल्धाप, हर्चना, गरामनी र गरामनी फिडरको सम्पूर्ण क्षेत्र । | विहान ८:०० बजेदेखि दिउँसो ३ बजेसम्म | गरामनी फिडरमा पर्ने भद्रपुर रोडको विद्युतीय संरचना स्थानान्तरण कार्य । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र

## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।

मोटरसाइकल हुनुपर्नेछ । तलब: १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।

सम्पर्क: ९८०१४०४०००, ९८१६६४१५७३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## दूध डेरी पसल बिक्रीमा

बिर्तामोड नपा-१ अतिथि सदन रोडमा चालू अवस्थामा रहेको दूध डेरी तथा किराना पसल तु-बिक्रीमा छ ।

सम्पर्क : ९८६२६७१२१६

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

## अत्यन्त जरूरी सूचना

यस मातृभूमि भलाई एण्ड इन्भेष्टमेन्ट प्रा.लि.मा आवद्ध भई सञ्चालनमा रहेका सवारी साधनहरुसँग सम्बन्धित कागजात (ब्लुबुक, जाँचपास, रुटपर्मिट, बीमा, चालक अनुमतिपत्र) हरु समयमै नवीकरण गरी अध्यावधिक गरेर मात्र सञ्चालन गर्न हुन जानकारी गराइन्छ । उल्लेखित कागजातहरु समयमै नवीकरण नगराई दुर्घटना भएको अवस्थामा सो दुर्घटनाको जिम्मेवारी यस प्रालिले नलिने व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । साथै आफ्नो सवारीको नवीकरण भएको उक्त कागजातहरु अविलम्ब कार्यालयमा बुझाई सहयोग पुऱ्याउनु हुन समेत जानकारी गराइन्छ ।

मातृभूमि भलाई एण्ड इन्भेष्टमेन्ट प्रा.लि.
बिर्तामोड-३, झापा (०२३-५४३६९१)

## घर बनाउनका लागि नयाँ प्रविधि

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ । साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ ।

सम्पर्क: ०२३-५४५७५३, ९८१७९५४२३८

## आकर्षक घडेरी बिक्रीमा

चारपाने चौक, पूर्व बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा नेपालको नयाँ भवन पछाडि, राजमार्गवाट ३ सय मिटर दुरीमा आकर्षक घडेरी बिक्रीमा छ । दुईवटा वाटाले छोएको पर्याप्त मुख भएको जग्गा बिक्रीमा रहेकाले इच्छुकले सम्पर्क राख्नु होला ।

सम्पर्क : ९८५२६७५३०९/९८०६०५४३६३


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## पर्यटन क्षेत्रमा व्यापक सुधार जरुरी

नेपाल अत्यन्तै तामझामका साथ नेपाल भ्रमण वर्ष २०२० मनाउने तयारीमा छ । नेपाल भ्रमण वर्ष औपचारिक रुपमा शुरु हुन केही हप्ता मात्र बाँकी छ । भौगोलिक, जातीय, धार्मिक, भाषिक लगायतका विविधताले संसारमै अलग पहिचान बनाएको नेपाल हाम्रा तिनै सम्पदालाई पर्यटन भित्र्याउने आधारका रुपमा लिइरहेका छौं । तर, पर्यटन क्षेत्रमा पूर्वाधार विकास, मानवीय विकास र नीतिगत सुधार जरुरी छ । भ्रमण वर्षमा लक्षित कार्यक्रमहरुले पर्यटनका माध्यमबाट मुलुकको आर्थिक वृद्धि, रोजगारीको अवसर र गरिबी निवारणमा टेवा पुऱ्याउने तथा मुलुकको अर्थतन्त्र र राज्यको ढुकुटीमा त्यसले सकारात्मक प्रभाव पार्ने निश्चित छ । आन्तरिक पर्यटनको विकासले मात्र भ्रमण वर्ष २०२० को लक्ष्य पूरा हुँदैन । विदेशी पर्यटकहरु भित्र्याउने र उनीहरुको गुणस्तरीय बसाइ लम्ब्याउन सके मात्र आम्दानी वृद्धि हुन्छ । भ्रमण वर्ष २०२० को समयावधिमा आधिकारिक २० लाख विदेशी पर्यटकलाई नेपालको भ्रमण गराउने नेपालको लक्ष्य छ । नेपालका प्राकृतिक सौन्दर्य मात्र होइन, धार्मिक पर्यटकका रुपमा भारत, चीन, जापान, श्रीलंका, दक्षिण कोरिया लगायतका मुलुकबाट ठूलो संख्यामा पर्यटक आउने आशा गरिएको छ ।

तर, आन्तरिक रुपमा पर्यटन विकासका लागि नीतिगत सुधारको जरुरत छ भने राज्यको आयस्रोत बढाउने प्रबन्ध गरिनु आवश्यक छ । नेपालमा सञ्चालित होमस्टेहरुलाई करको दायरामा ल्याउनुपर्छ । वर्षेनि पर्यटकको आगमन बढ्ने तर पर्यटन क्षेत्रको आम्दानी घट्दो क्रममा देखिएको छ । होमस्टेलाई करको दायरामा ल्याउनसके वास्तविक आम्दानीको तथ्यांक राज्यसँग हुनेछ । त्यस्तै, नेपाल पर्यटन बोर्डले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) बापत पर्यटकबाट उठाइएको रकम मनोमानी ढंगले खर्च गरिरहेको आरोप छ । पर्यटन बोर्डले टिम्सबापत उठाएको बोर्ड अन्तर्गतको रकम दुरुपयोग हुनुभएन । पदयात्रा पूर्वाधार क्षेत्र र श्रमिकको कल्याणकारी कोषमा रकम दिन आवश्यक छ । यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत कर्मचारीले तीन महिनादेखि तलब नपाएको भन्दै विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरबाटै कालोसूचीमा राख्न लगाएर बन्द गराउनेसम्मको धम्की दिएका छन् ।

श्रमिकले आफूले काम गरेको तलब नपाउने परिस्थितिको अन्त्य गर्न विमानस्थल व्यवस्थापन, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई र आउटसोर्सिङ कम्पनीहरुले तदरुकता देखाउनुपर्छ । अर्कातर्फ पर्यटन श्रमिकहरुले राष्ट्रिय निकुञ्जमा उठाइँदै आएको कर बन्द गर्नुपर्ने, एकल अनुमतिपत्र खारेज गर्नुपर्ने, ट्रेकिङ क्षेत्रमा श्रमिकसँग उठाउँदै आएको कर बन्द गर्नुपर्ने, महिला पर्यटन श्रमिकमाथिको दुर्व्यवहार अन्त्य गर्नुपर्ने, आउटसोर्सिङ कम्पनीबाट श्रमिक लिने काम बन्द गर्नुपर्ने, भ्रमण वर्षका अवसरमा गठित सबै समितिमा श्रमिकको प्रतिनिधित्व गर्नुपर्ने लगायतका माग पनि गरेका छन् । नेपाल भ्रमण वर्ष २०२० को औपचारिक शुरुवात अघि नै पर्यटनसँग सम्बन्धित सबै विवादको अन्त्य गर्नुपर्छ ।


पर्यटन क्षेत्रको विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन सरकार र दातृ निकायका बीच रणनीतिक छलफल र समझदारी आवश्यक छ । नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउनका लागि ठूला पूर्वाधार तथा योजनाका साथसाथै साना तथा अत्यावश्यक कामहरुलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । भ्रमण वर्षलाई सफल बनाउनका लागि पूर्वाधार मात्र नभई समग्र मुलुकका पर्यटकीय गन्तव्यलाई विश्व बजारमा चिनाउने अभियानको तिव्रता दिन जरुरी छ । नेपालको पर्यटन क्षेत्रको विकासमा विश्वव्यापीकरणका लागि सूचना प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्छ ।

### सामाजिक सञ्जाल



२००७ सालदेखि नै नेपालले राजनीतिक उथलपुथलको सामना गरेको छ । केही वर्षयतादेखि चाहिँ पुराना दलको राजनीति राष्ट्र दोहनमा अडेको छ । नेपाल कहिल्यै आर्थिक र वित्तीय संकटको पीडादायी चपेटामा परेको छैन । तर, राजनीति यस्तै रह्यो भने आर्थिक र वित्तीय संकटको दिन टाढा छैन ।


**– सूर्यराज आचार्य**



न भारतले हामीलाई सोधेर आफ्नो देशको नक्सा छाप्छ न त चीनले नै । कुटनीतिक माध्यमबाट हाम्रो भू-भाग हाम्रै हुने काम हुँदै गर्ला । भारतपरस्त भनेर एक-अर्काको गाँड कोराकोर गर्नुभन्दा हरेक दलले र नेपाल सरकारले तुरुन्त हाम्रो आधिकारिक नक्सा छापेर देखाउन्, को-कति परस्त छ भनेर थाहा भइहाल्छ त ।

**– रामेश**

# हिंसा सहेर नबसौं



**सुनिरा मैनाली**

निर्मला पन्त जस्ता धेरै छोरीहरु सामुहिक बलात्कारका शिकार भए, मुस्कान खातुन जो एसिड आक्रमणमा परिन् । भोजपुरमा एक महिलाको दुबै स्तन काटिए । कहिले फलाना ठाउँमा दाइजो नल्याएको झोंकमा कुटपिट हुन्छ त कहिले बोक्सीको आरोपमा मलमुत्र समेत खुवाइन्छ । अनि बालिका माथि जबरजस्ती गरियो भन्ने समाचारहरुले मुटु चिर्दछ । नेपाल मात्र नभई संसारका धेरै विकसित देशहरुमा पनि महिला हिंसा र असमानताका ध्वनीहरु सुनिन्छ ।

अझै पनि दिनँहुजसो पत्रपत्रिका, टिभी या रेडियोका समाचार बुलेटिनहरुमा महिलामाथिको हिंसाका खबरहरु तारन्तार आउने गर्दछन् । यसले महिला हाम्रो समाजमा कति असुरक्षित छन् भन्ने कुराको पुष्टि गरिरहेको छ । महिला भएकै कारणले कति बेला कहाँ कुन हिंसाको कालो कोठरीमा पुग्छु भन्ने कुराको त्रासमा बाँचिरहेका छन् महिलाहरू । महिलामाथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष खुवाउने, एसिड खन्याएर कुरूप बनाउने, दैनिक घर-व्यवहारमा भेदभाव गर्ने, संस्कार एवम् परम्पराका नाममा अधिकारबाट वञ्चित गर्ने/गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने लगायतका घटनाहरु महिलाले भोग्दै आइरहेका छन् ।

यस्ता घटना केबल प्रतिनिधि उदाहरण मात्र हुन् । यस्ता घटना हाम्रो समाजमा हजारौं भइरहेका छन् । जम्मा १० प्रतिशत यस्ता घटना बाहिर आउने गरेका छन् । बाँकी ९० प्रतिशत घटना सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरू आफूमाथिका हिंसाका घटना बाहिर ल्याउन चाहँदैनन् । तर, पनि विगतको तुलनामा अहिले महिला हिंसाका घटनामा उजुरी गर्ने क्रममा वृद्धि भएको छ ।

नेपालमा धेरै परिवर्तन भए । आम विश्वलाई हेर्ने हो भने पनि ठूलो परिवर्तनको फड्को मारिसकेको छ । वास्तवमा परिवर्तन यति बेलामात्र भएको हुन्छ जति बेला प्रत्यक्ष व्यवहारमा परिवर्तनको महशुस हुन्छ । कतिपय कुरामा परिवर्तनको महशुस गरिए होला तर, कतिपय कुरामा त्यो परिवर्तनको महशुस विल्कुलै गर्न सकिएको छैन । हाम्रा समाजका परम्परागत सोचलाई त्यस्ता परिवर्तनले कुनै लछारपाटो लाउन सकेनन् भन्ने आभास भएको छ । तर, पनि तिनै परम्परागत सोचले राक्षसको शैलीमा यही समाजलाई खाइरहेका छन् । त्यसको एउटा ज्वलन्त उदाहरण हो महिला हिंसा ।

महिला हिंसा समाजको एउटा त्यो रूप हो, जसले महिलाका सामान्यभन्दा सामान्य अधिकार पनि लुटिरहेको छ । आज हाम्रो समाजले चरम महिला हिंसाको नियति भोगिरहेको छ । यतिबेला राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदाय महिला हिंसाकै विरुद्धमा सडकमा छन् । महिला हिंसा एउटा प्रत्यक्ष सरोकारको विषय बन्न पुगेको छ । नेपालको सन्दर्भमा कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्नखालका हिंसाको शिकार भइरहेका छन् ।

संसारभरिका जो कोही महिलाहरु आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक या यौनजन्य हिंसाको शिकार भएका हुन्छन् । अर्कोतर्फ पुरुषहरुबाट कहिलेकाँही जानअञ्जानमा महिलाको संवेदनामा ठेस पुग्ने महिला हिंसाजन्य कार्यहरु पनि भइरहेको हुन्छ । महिला र पुरुषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसा भइरहेको छ ।

महिला हिंसा गर्नेलाई हुने गरेको फितलो कारवाहीको कारण महिला हिंसाले श्रेय पाइरहेको छ ।



त्यसैले महिला हिंसा गर्ने जो कोहीलाई पनि यस्तो कारबाही हुनुपर्छ जुन कारबाहीको कारण अरु कसैले हिंसा गर्ने कुरा सोच्न पनि नसकोस् ।

छोरी मान्छेले नेतृत्व गरेका धेरै कुरा सफल भएका उदाहरण हामी सामु छन् । अस्पताल, प्रशासन, राजनीति, व्यवसाय आदि हरेक क्षेत्रमा महिलाको नेतृत्व सफल हुँदै गएका छन् । तर, समाजमा अझै केही कुरीति छन्, जसले महिलालाई अघि बढ्न रोकिरहेको छ ।

दाइजो प्रथा, छाउपडी, उच्च शिक्षामा बाधा, अर्काको घर जाने जात भनी गरिने हेला आदि नारी विरोधी परिपाटी र सोचलाई धक्का दिंदै आफू सशक्त हुनु जरुरी छ । भनिन्छ, एउटा बाबु शिक्षित भए ऊ मात्र शिक्षित हुन्छ तर एउटी आमा शिक्षित भए परिवार नै शिक्षित हुन्छ । नारीको महत्व बुझाउने यो भन्दा अर्को भनाइ खोजिरहनै पर्दैन । यो घर, परिवारको कुरा मात्र होइन । यो त विम्व हो, नारीले समाजलाई परिवर्तन गर्न सक्छिन् भन्ने कुराको ।

विपरीत लिङ्गि प्रति आकर्षित हुनु स्वभाविक हो तर, आकर्षणको अर्थ हिंसा होइन । मायामा कर, बल, तर्क अनि शरीर होइन मन जित्न सक्ने पुस्ताको खाँचो छ । नयाँ पुस्तामा लैङ्गिक समानताका धारणाहरुको बिजारोपण गर्न आवश्यक छ । शरीर होइन मन जित्ने कला सिकाउन जरुरी छ । अनि यो सिक्न जरुरी छ कि, नारी पुरुषसँगै हिँड्ने समान समाज आजको आवश्यकता हो । जसरी पार्वती बिनाका शिवको अस्तित्व गौण छ, लक्ष्मी बिनाका विष्णु आधी छन्, राधा बिनाका कृष्णको कथा रोमाञ्चक हुन्न, त्यसैगरी नारीको प्रेम र आत्मियता बिना पुरुष र पुरुषको साथ र सम्मान बिना महिला पूर्ण हुँदैनन् ।

# महिला हिंसाको श्रृंखला कहिलेसम्म ?

**आस्था केसी**

समाजमा बिद्यमान हजारौं वर्ष पुराना अनेकखाले शोषण र दमनको तुलनामा महिलामाथिको हिंसा नै सबैभन्दा व्यापक हिंसाको रुपमा रहेको छ । कुनै क्षेत्र, धर्म वा जाति जे भए पनि महिलामाथिको हिंसा व्यापक रुपमा छ र त्यो हिंसा नयाँ-नयाँ स्वरुपमा अभिब्यक्त भइरहेको छ । समाज विकासको क्रम २१औं शताब्दीको मध्यतिर आइपुगेको छ । दुनियाँमा धेरै ठूला-ठूला परिवर्तन भएका छन् । ती चाहे राजनीतिक परिवर्तन हुन्, चाहे आर्थिक या सामान्य सामाजिक परिवर्तन नै किन नहोउन् ती सबै परिवर्तनहरूमा महिलाले निकै सक्रियतापूर्वक आफ्नो सहभागिता जनाएका छन् । केवल सहभागिता मात्रै होइन कतिपय अवस्थामा नेतृत्वकर्ताको रुपमा राम्रोसँग भूमिका निर्वाह गरेका पनि छन् ।

परिवर्तनका ती महत्वपूर्ण कदमहरूमा पुरुषसँगै काँधमा काँध र हातमा हात मिलाएर आन्दोलनको अग्रपंक्तिमा सामेल हुने महिला अन्ततः आन्दोलनको उत्कर्ष र परिवर्तनसँगै पछाडि पर्छन् वा पारिन्छन् र कालान्तरमा उनीहरू जहाँको त्यहीँ रहन पुगेको यथार्थता हाम्रासामु घाम जत्तिकै छर्लङ्ग छ । महिलामाथि हुने विभिन्नखाले हिंसा, विभेद र शोषणको अन्त्य कसरी गर्न सकिन्छ भन्ने विषयमा गहन अध्ययन हुन जरुरी छ । तर, बिडम्बना अहिलेसम्म जति पनि काम गरिएका छन्, ती सबै सतहमा मात्र गरिएका छन् । ती मूलतः बिषयवस्तुको गाम्भिर्यताको बोध गर्दै गहिराइमा पुग्न सकिरहेका छैनन्, जसको फलस्वरुप झट्ट हेर्दा समस्या हल भए जस्तो देखिए पनि सारतः महिलामाथिका हिंसा उत्तिकै मात्रामा कायम छ ।

महिलामाथिको हिंसाको खास कारण के हो भन्ने कुरा राम्रोसँग अध्ययन नगरी बनाइएका नीति तथा योजना व्यवहारमा लागू हुन सक्दैन भन्ने कुरा हाम्रो आन्दोलनको लामो इतिहासले देखाएको छ । महिला हिंसाको वास्तविक कारण राज्यशक्ति, सत्ता र अधिकारका विषयमा केन्द्रित छ । राज्यव्यवस्था र संविधान, नियम तथा कानून कसको पक्षमा छन् भन्ने कुराले नै सामाजिक व्यवस्थाको निर्धारण गर्ने गर्दछ । महिला सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक सबै क्षेत्रमा पछाडि पर्नुको कारण उनीहरूको शारीरिक संरचना हो भन्ने कतिपयको बुझाई छ जब कि यो सरासर गलत छ ।

वैज्ञानिक अध्येताहरूले यो कुराको धेरै अगाडि नै पुष्टि गरेका छन् । सामाजिक सम्बन्ध, शक्ति र सत्ताको स्वरुप, कानूनी सम्बन्ध तथा सम्पत्तिसँगको सम्बन्धमा हामीले महिलामाथि हुने गरेका हिंसाको अध्ययन गर्न जरुरी छ । हाम्रो समाजमा पितृसत्तात्मक सामन्ती पुरुषप्रधान सोच बोकेका व्यक्ति नै सामाजिक र राजनीतिक रुपमा अगुवा बन्दै आएका छन् ।

हजारौं वर्ष अगाडिदेखि राजनीतिक र सामाजिक सम्बन्ध तथा राज्यको बागडोर उनीहरूले नै सम्हालिरहेका छन् । यसो हुँदा अहिलेसम्म महिला हिंसाको अन्त्यको लागि जति पनि नियम कानून बनेका छन्, ती पर्याप्त छैनन् या त्यसमा उनीहरू नै हावी हुन पुगेका छन् । पितृसत्तात्मक सामाजिक संरचनामा छोरालाई बंशको उत्तराधिकारी मान्ने र सम्पत्तिको हक पनि उसैलाई मात्र हुने, तर छोरीलाई सम्पत्ति तथा बंश उत्तराधिकारी बन्ने दुबैखाले अधिकारबाट वञ्चित गर्ने गर्दै आइएको छ ।



जसले गर्दा सानैदेखि छोरा र छोरीको मानसिकतामा आकाश जमिनको फरक प्रभाव पर्दै जान्छ । पैतृक सम्पत्तिको मालिक र बंशको उत्तराधिकारी छोरा हुने, तर छोरीको न माइती घरमा न त विवाह गरेको घरमा नै सम्मान हुन, यी गलत र विभेदपूर्ण संस्कार र संरचनाले गर्दा महिलामाथि हुने गरेका हिंसामा कमी होइन अझै बढेको देखिन्छ ।

सम्पत्तिको के कुरा गर्नु अहिले पनि महिलाहरू आफ्नै शरीरमाथि पूर्णरुपमा अधिकार जमाउन सकिरहेका छैनन्, आफ्नै शरीरको उपभोगको अधिकार स्वयम् महिलाले लिन सकेका छैनन् । महिलाको प्रजनन् अधिकारलाई स्वविवेकमा कसरी प्रयोग गर्ने भन्ने निर्णय महिलाको आफ्नै हुन सकिरहेको छैन । यस्तै श्रममाथिको अधिकार पनि महिलाको हातमा छैन । दिनभरि सँगै काम गरेको पुरुष साथीले कतै न कतै महिलाको तुलनामा धेरै ज्याला लिन्छ । जबकी काम गर्ने बेला महिला र पुरुष दुबैले सँगै र उस्तै रुपमा श्रम गरेका हुन्छन् । समान कामको समान ज्याला पूर्णरुपले सबैतिर लागू हुन सकिरहेको छैन । त्यतिमात्र होइन राज्यको अर्थतन्त्रलाई बलियो बनाउन महिलाको कहाँ-कहाँ कस्तो-कस्तो योगदान रह्यो त्यसको उचित मूल्यांकन हुन सकिरहेको छैन । जवसम्म राष्ट्रको कुल आयमा महिलाको श्रमलाई जोड्न सकिन्न तबसम्म यो श्रममाथिको अधिकार पनि महिलाले प्राप्त गर्ने स्थिति देखिन्न । त्यसैगरी सम्पत्तिमाथिको अधिकारलाई संविधानमा महिलाको नैसर्गिक अधिकारको रुपमा उल्लेख गरेता पनि जबसम्म यसलाई पूर्णरुपमा कार्यान्वयनमा लैजान सकिन्न तबसम्म महिला समानताका कुरा गर्नु पनि व्यर्थै जस्तो हुन पुग्नेछ ।

उसो त अंश र बंशमा महिला समानताका कुरा नयाँ संविधानमा नैसर्गिक अधिकारकै रुपमा उल्लेख छ । त्यतिमात्र होइन आमाको नाममा नागरिकता पाउने कुरा र राज्यको नीति-निर्माणको तहमा महिला समावेशी समानुपातिक सहभागिताको कुरा पनि संविधानले प्रत्याभूत गरेको कुरा हो । तर, संविधानमा उल्लेख हुँदैमा आम महिलाको दिनचर्या रातारात परिवर्तन हुन सक्दैन । कुरीति र विभेदकारी नीतिको प्रत्यक्ष मारमा परेका ग्रामीण भागमा बस्ने नेपाली महिला अझै पनि आफ्नो भाग्य र कर्ममा विश्वास राख्छन् । तिनीहरूलाई आफूले पाएका अधिकारको बारेमा जागरुक बनाउन जरुरी छ, जो महिला यो पुरुष प्रधान समाजसँग संघर्ष गरेर आफ्नो एकस्तरको चेतना बनाउन सफल छन् । तीनलाई राज्यले विशेषाधिकारसहित समाज परिवर्तनको जिम्मेवारी दिन आवश्यक छ ।

निकै वर्षदेखि पछाडि पारिएका महिलाको लागि विशेषाधिकारको कुरा नै सबैभन्दा वैज्ञानिक हुन आँउछ । राज्यले दिएको अधिकार उपभोग गर्न पनि महिला तयार हुन सकेका छैनन् भने उनीहरूलाई त्यहाँसम्म पुऱ्याउनु पनि राज्यकै कर्तव्य र दायित्वभित्र पर्न आउँछ । त्यसबाहेक महिला आफैँले चुनौतिको सामना गर्ने एउटा अदम्य साहस र आफैँप्रतिको विश्वास त हुनै पर्दछ ।

राज्यको सबै स्वरुपमा जहिलेसम्म महिला समानता कायम हुँदैन तबसम्म महिलामाथि हुने हिंसाको अन्त्य हुन सक्दैन । समाज पूरानै रुपले चलेको छ । मानसिकताहरू पुरानै संरचनाले ग्रसित छन् । हिजोको तुलनामा आज महिला केही हदसम्म नीति-निर्माणको तहमा पुगेका पनि छन् । महिला अधिकार प्राप्तिका लागि नयाँ संविधानमा जति पनि प्रावधान राखिएको छ, ती सबैको अक्षरश पालना गर्न गराउन महिलामात्र होइन सचेत पुरुषवर्ग र बिशेषतः राज्यकै विभिन्न निकायको महत्वपूर्ण जिम्मेवारी र दायित्व रहने देखिन्छ ।

यो कुरा निश्चित हो कि नीति-नियम तथा कानूनले गर्दा पछिल्ला दिनमा महिला हिंसाका दोषीले थोरै नै सही तर, सजाय पाइरहेका छन् । तर, यसको तुलनामा हिंसा गर्नेहरू अझै बढी हिंस्रक बनेको पनि देखिएको छ । हिंसाका नयाँ-नयाँ रुपहरू दिनानुदिन फेरिँदै गएका छन् । उदाहरणका लागि केही समय अगाडि पोखराकी योरुना पुन मगरको बलात्कार पछिको हत्यालाई लिन सकिन्छ । दाइजो प्रथा जस्तो सामाजिक कलंकको रुपमा कैयौं महिला सुहागरात पनि मनाउन नपाइकन ज्यूँदै आगोमा जलाइएका छन् । विभिन्न समयमा हुने मानसिक तथा सामाजिक हिंसा सहन नसकेर कतिपय महिला आत्महत्या गर्न बाध्य छन् भने कतिपय महिला मानसिक सन्तुलन गुमाएर अभिसप्त छन् ।

त्यतिमात्र होइन, आफूलाई समाज परिवर्तनको संवाहक ठान्ने र क्रान्तिका ठूला-ठूला गफ हाँक्नेहरूबाटै पनि आज महिला विभिन्नखाले हिंसामा परेका छन् । हिजो आन्दोलनको समयमा सँगसँगै समान भूमिकामा काम गरेका महिला आफ्नै सहकर्मी पुरुषबाट हिंसामा परेका छन् । मदिरा सेवन गर्नु, बहुविवाह गर्नु र कतै न कतै यो वा त्यो तरिकाले महिलाको अपमान गर्नु आज कतिपय पुरुष मित्रहरूलाई सामान्य बनेको छ ।

एकपछि अर्को गर्दै समस्या खडा गर्ने र महिलामाथि हिंसा थोपर्दा समेत संगठनबाट कुनै कारवाही नगरिनुले त्यस्ता गलत मानसिकताको सिकार भएका पुरुषको मानसिकता दह्रो हुँदै गएको पाइन्छ भने पीडित महिला कमजोर मानसिकता बोकेर बाँचिरहेका छन् ।

महिलामाथिका हिंसा कम गराउने, दोषीलाई सजाय दिने र संविधानले प्रत्याभूत गरेका अधिकारमा स्वयम् महिलालाई नै अग्रसर गराउने मुख्य जिम्मेवारी राज्यकै हुन आउँछ । नीति बनाइदिएका छौं भनेर राज्य पानी माथिको ओभानो बन्न लोकतान्त्रिक गणतन्त्रमा र अझै संघीय संरचनामा गई सकेको मुलुकलाई सुहाउँदैन । महिला समावेशी र समानताको मुद्दामा वास्तविक रुपमै इमान्दार भएर राज्यका हरेक निकायमा अर्थपूर्ण महिला सहभागिता बृद्धि गर्ने प्रमुख दायित्व राज्यकै हो । अरुले त हातेमालो गर्ने मात्र हो । शुरुवात त राज्यले नै गर्नुपर्दछ ।

# विद्यार्थीलाई सचेतना




**बिर्तामोड, मंसीर १२।** सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र बिर्तामोडको आयोजना तथा सगरमाथा टिन्स क्लब कञ्चन अंग्रेजी मावि बिर्तामोड-७ को सहआयोजनामा लागूऔषध दुव्यर्सनी नियन्त्रण र साइबर क्राइम सम्बन्धी प्रशिक्षण सम्पन्न भएको छ।

सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका अध्यक्ष उत्तम खनालको अध्यक्षतामा भएको कार्यक्रममा कञ्चन अंग्रेजी माविका प्रिन्सिपल दीपक चम्लागाईले स्वागत गरेका थिए। कार्यक्रममा विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका उपाध्यक्ष सन्जीव चापागाईले प्रशिक्षण दिएका थिए। उनले विद्यार्थीलाई लागूऔषध दुव्यर्सनबाट बच्ने तरिका तथा साइबर क्राइमले पुर्‍याउने असरबारे जानकारी गराएका थिए।

कार्यक्रममा सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका कार्यालय प्रमुख प्रहरी सहायक निरीक्षक भीमबहादुर गौतम, प्रहरी जवान सुमा न्यौपाने, कार्यसमिति उपाध्यक्ष तारा कार्की, महासचिव लक्ष्मी गौतम, सदस्य तेजमणि प्रसाईं लगायतको आतिथ्य रहेको थियो।

विद्यार्थीलाई यस्ता गलत कार्यले भविष्य अन्धकार हुनबाट बचाउन कार्यक्रमको आयोजना गरिएको सगरमाथा टिन्स क्लबका नायक शिक्षक डिल्लीराम चम्लागाईले जानकारी दिए। कार्यक्रमको सञ्चालन सगरमाथा टिन्स क्लवका सदस्य रोजलकुमार सेढाईले गरेका थिए।

# अपाङ्गता भएकालाई स्वास्थ्य बिमा

**इलाम, मंसीर १२।** हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि माई नगरपालिकाले साझेदारीमा स्वास्थ्य बिमा गर्न शुरु गरेको छ।

स्वास्थ्य बिमा अन्तर्गत अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र सामान्य अपाङ्गता भएकाहरुका लागि उनीहरुको साझेदारीमा स्वास्थ्य बिमा गर्न थालिएको माई नगरपालिकाकी उपप्रमुख तथा नगर स्तरीय अपाङ्गता समन्वय समिति संयोजक बिष्णुमाया आचार्यले बताइन्।

कार्यक्रम अन्तर्गत तीन हजार पाँच सय रुपैयाँ जम्मा गरेपछि अपाङ्गता भएका व्यक्ति र उनका संरक्षकसहित पाँच जनाको स्वास्थ्य बिमा गरिने संयोजक आचार्यले जानकारी दिइन्। अति अशक्त अपाङ्गता अर्थात् निलो परिचयपत्र भएकाहरुले साझेदारीमा एक हजार रुपैयाँ, मध्यम अपाङ्गता भएका अर्थात् पहेंलो परिचय पत्र भएकाहरुले एक हजार पाँच सय रुपैयाँ र सामान्य अपाङ्गता भएका अर्थात् सेतो परिचय पत्र भएकाहरुले दुई हजार रुपैयाँ साझेदारी गर्नुपर्ने बताइएको छ।

माई नगरपालिका वडा नम्बर २ मा भने अपाङ्गता भएका व्यक्तिहरुका लागि साझेदारी रकम समेत वडाले नै लगानी गर्ने भएको छ। वडाभित्र बसोबास गर्ने माझी, कुमाल, मेचे लगायत सबै अपाङ्गता भएका ब्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा गर्न थालिएको वडाध्यक्ष खम्बसिंह लिम्बूले बताए। हाल दश प्रतिशत अपाङ्गता भएका व्यक्तिहरुले बिमा गरिसकेको करुणा फाउण्डेशन नेपाल इलाम माई नगरका समुदाय संयोजक विमल दहालले बताए।

# एनसेल मेलाको तयारी



**झापा, मंसीर १२।** एनसेल प्रालिले बिर्तामोड, इटहरी, जनकपुर, वीरगञ्ज, धनगढी र बुटवलमा एनसेल मेला २०७६ को तयारी गरेको छ।

एनसेलले यो मेला आफ्नो ब्राण्डको सार 'आज, भोलि, सधैं सँगै' को अनुरुप आयोजना गर्न लागेको हो। यसले नेपाल भ्रमण वर्ष २०२० लाई सघाउ पुर्‍याउँदै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कम्पनीको लक्ष्य रहेको को छ। मेलामा चर्चित कलाकार तथा सांगीतिक समूहको प्रस्तुती, किड्स जोन, गेम स्टलहरु र फुड स्टलहरुसँगै विविध मनोरञ्जनात्मक कार्यक्रमहरु रहने बताइएको छ।

आगामी मंसीर २८ गते इटहरीको जनता माध्यामिक विद्यालयको फुटबल मैदानबाट शुरु हुने मेला मंसीर ३० गते बिर्तामोडस्थित सुगम पेट्रोल पम्पको मैदानमा हुने बताइएको छ। त्यस्तै पुस ३ गते जनकपुरको बाह्र बिगाह मैदान र पुस ५ गते वीरगञ्जको आदर्श नगर रंगशाला, पुस ९ गते धनगढीको सुदुर पश्चिमाञ्चल एसपी चौकी मैदान र पुस १२ गते बुटवलको सिद्धेश्वरी स्कुल मैदान दीपनगरमा मेलाको समापन गरिने बताइएको छ।

एनसेल मेला १० बजे शुरु भई कम्सर्टसहित साझ ७ बजेसम्म चल्ने र मेलामा गीत-संगीत, किड्स जोन, डिजीटल जोनदेखि विभिन्न फिजीकल एक्टिभिटी बुथहरु, स्थानीय पर्यटन गन्तव्यहरुको प्रवर्द्धन र एनसेलका विभिन्न सेवा तथा सुविधाहरुमा आर्कषक अफर र उपहारहरु समावेश गरिएका छन्। मेलामा आउने सबै उमेर समूहका दर्शकहरुको मनोरञ्जनलाई ध्यानमा राखेर विभिन्न कार्यक्रमहरु समावेश गरिएका छन्।

मेलामा प्रवेश निःशुल्क हुनेछ र थुप्रै गेम स्टलहरुमा दर्शकले मनोरञ्जन लिनुका साथै विभिन्न पुरस्कारहरु पाउन सक्नेछन्। चर्चित कलाकार तथा सांगीतिक समूहहरुको सांगीतिक प्रस्तुती, बालबालिकाका मनोरञ्जनका विविध गतिविधि तथा गेम स्टलहरु, विदेशी कलाकारहरुको सुटिङ स्टार एक्ट, थिम गेमहरु र ओकुलस भर्चअल जोन मेलाको आकर्षण रहने बताइएको छ।

मेलामा गायकहरु दिपक बज्राचार्य र रिदम ब्याण्ड, आषिश राना (लाउरे), कालिप्रसाद बास्कोटा, मेलिना राई, टीका प्रसाई, कलाकार प्रियंका कार्कीले आफ्नो प्रस्तुतीहरु राख्दै दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्। वीरगञ्ज र जनकपुरमा भोजपुरी गायक सुनिल पण्डितको पनि प्रस्तुती रहनेछ। मेलाको उद्घोषण कलाकार रेमनदास श्रेष्ठ र साहना बज्राचार्यले गर्नेछन्। किड्स जोनमा पेन्टिङ्ग, प्लेडो, लेगो, प्रि गो होभर बोर्ड, मिनी गो कार्ट, पोगो स्टिक, इन्फ्लेटेड क्यासल, डक फिसिङ्ग र एङ्ग्री बर्ड लगायतका विभिन्न रमाइला गेभ तथा गतिविधिहरु हुनेछन्। युवाका लागि पनि विभिन्न आकर्षक गेमहरु जस्तै पेनाल्टी किक, ब्यालेन्स द ह्याङ्गर, नि ट्रूम्बलर, स्नुकर प्रो र अन्य थुप्रै कार्यक्रमहरु रहनेछन्।

मेलामा आगन्तुकहरुले एनसेलको फोरजी र अरु प्रोडक्टहरुका थिम गेमहरुको मज्जा दिँदै आकर्षक पुरस्कारहरु जित्न सक्नेछन् र कम्पनीले प्रदान गर्दै आएको सेवा तथा सुविधाहरुका बारेमा पनि जानकारी लिन सक्नेछन्। दर्शकहरुले मेलामा नै आवश्यक कागजातहरु बुझाई फोरजी सिम खरिद गर्न तथा आफ्नो पुरानो सिमलाई फोरजी सिममा अपग्रेड पनि गर्न सक्नेछन्। एनसेलका ग्राहकहरुले मेला सम्बन्धी थप जानकारी १७१३३ मा डायल गरेर प्राप्त गर्नसक्ने कम्पनीले जनाएको छ।

# मदरगाछमा 'ड्रागन फ्रुट'को खेती

**झापा, मंसीर १२।** झापा गाउँपालिका-७ को मदरगाछमा पहिलोपटक 'ड्रागन फ्रुट'को खेती शुरु गरिएको छ।

कृषि उद्यममा लगानी बढाइरहेको गोल्यान एग्रो प्रालिले मदरगाछमा अढाइ विगाह जमिनमा 'ड्रागन फ्रुट' खेती शुरु गरेको हो। सिउडी प्रजातिको यो फल अति गुलियो, स्वादिलो र महँगो मानिन्छ। दुई वर्षमा फल्ने यो फलको लहरामा लगातार २५ वर्षसम्म फल लागिरहन्छ।

कपडा, धागो लगायतका उद्योग सञ्चालन गरिरहेको गोल्यान घरानाले नयाँ उद्यममा लगानी बढाएको हो। प्रालिले मदरगाछमा 'ड्रागन फ्रुट' मात्र



नभएर स्ट्रबेरी, मेवा र कागतीको पनि व्यावसायिक खेती गरिरहेको छ। यो खेती उष्ण मनसुनी हावापानी भएको माटोमा फस्टाउने हुँदा यहाँको माटो यसका लागि उर्वर रहेको प्रालिका व्यवस्थापक नवीन खनालले बताए।

हाल यहाँ अहिले छ हजार बिरुवा हुर्किरहेका छन्। एक हजार पाँच सय वटा आठ फिटभन्दा अग्ला सिमेन्टका पोल लहरै गाडिएका छन्। एउटा सिमेन्टको पोलमा चार वटा लहरा हुर्किरहेका छन्। खेतीमा १५ जना स्थानीय कामदारले रोजगारी पाइरहेका छन्।

गोल्यान समूहले 'ड्रागन फ्रुट' खेतीमा रु. दुई करोडभन्दा बढीको लगानी गरिसकेको र अर्को वर्ष खेती विस्तार गरेर तेब्बर पार्ने योजना रहेको व्यवस्थापक खनालले बताए। दाङ र काभ्रेमा पनि 'ड्रागन फ्रुट'को खेती भइरहेको छ। यो फल वि.सं. २०५७ मा पशु चिकित्सक डा. जगन्नाथ राईले एक अमेरिकी इञ्जिनीयर मार्फत भियतनामबाट नेपाल भित्र्याएको मानिन्छ।

खनालका अनुसार सिउडी हुर्किने गर्मी ठाउँमा यो फलको खेती हुन्छ। स्वास्थ्यका लागि लाभदायक १२ प्रकारका खनिज, पोषण र भिटामिन तत्वको मिश्रण पाइने भएकाले विश्वभर नै यसले महँगो मानिन्छ।

एउटा सिमेन्टको पोलमा लहरिएका बोटबाट वर्षेनि २० देखि ३० किलोसम्म फल उत्पादन गर्न सकिने र यसको बजार मूल्य रु. आठ सयदेखि रु. एक हजारसम्म हुने बताइएको छ। यो फलबाट उच्चस्तरको आइसक्रिम र इनर्जी ड्रिङ्क पनि बनाउन सकिने बताइएको छ।

**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Commando 3
दोस्रो शो २:४५ Commando 3
तेस्रो शो ६:४५ Commando 3

(हल बी) नेपाली र हिन्दी सिनेमा
पहिलो शो ११:४५ सरौतो
दोस्रो शो २:४५ लभ्यु हमेशा
तेस्रो शो ६:४५ सरौतो

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
फोन नं. ०२३-५४६४३६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्यास्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**वर्गीकृत विज्ञापन**

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

**आवश्यकता**
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

**जग्गा बिक्रीमा**
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिनेटको पैदल दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

**जग्गा बिक्रीमा**
झापाको बिर्तामोड- ३ स्थित भद्रपुर रोडबाट पश्चिम व्यापारिक केन्द्र बिन्दुमै रहेको १४ धुर जग्गा बिक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क : ९८१६९८४१५३, ९८०४९१३९८७

**जग्गा बिक्रीमा**
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ।
मो. ०२३-५४५७५३
९८१७९५४२३८

**पसल तु-बक्रीमा**
बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा। पसल तु-बिक्रीमा छ। इच्छुकले चाडै सम्पर्क राख्नु होला।
सम्पर्क: ९८५२६४५४२०/९८०१४४५४२०

**शिक्षक आवश्यकता**
Teacher : 1 (संस्कृति विषयको)
French Teacher : 1 (Language)
Pre-primary : 1 (मन्टेश्वरी ट्रेनिङ प्राप्त)
Abacus Teacher : 1
माथिको सबै बिर्तामोडको लागि चाहिएको।
Math & science Teacher : 1
(for 7 class)काँकरभिट्टाको लागि।
English Teacher : 1
(for 7 class) काँकरभिट्टाको लागि।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

**कर्मचारी आवश्यकता**
एक प्रतिष्ठित होटलका लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
कुक : २ जना हेल्पर : २ जना
सम्पर्क: ९८०७९९३१७७
०२३-५४५४५७

**हिजोको सूनचाँदीको भाऊ**
छापावाला सुन : ७१,५००।-
तेजावी सुन : ७१,२००।-
असल चाँदी : ८६५।-

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**सेक्युरिटी गार्डको आवश्यकता**
पुरुष/महिला संख्याः २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोनः ०२३-५४५७८२, ९८०६०६१७००,
९८४४६८६९७०, ९८०६०७५६७८

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**बारमासे कागती खेती! गरौं है उन्नती!!**
बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क: ९८१७९३३५८२
९८१३८४४९२९

**जग्गा बिक्रीमा**
सैनिक मोडबाट पूर्व आँखा हस्पिटल छेउमा रहेको १२ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ।
सम्पर्क : ९८१५०९०९१८,
९८१४०६०३४९

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, पिसपार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिबार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी।

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। तर, आफ्नो नाम उपयोग गरी अरूले फाइदा उठाउन सक्छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - पारिवारिक असमझदारीले आँटेको काममा पछि हट्नुपर्ने अवस्था पनि आउन सक्छ। मेलमिलापको वातावरण कायम राख्दा राम्रो होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - खर्च लागे पनि सोख र भोगविलासका वस्तु जुटाउने समय छ। प्रयत्न गर्दा देश-विदेशको भ्रमण गर्ने साइत जुर्न सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। दाजुभाइको सहयोग मिल्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - भौतिक साधन जुट्नाले फाइदा हुने काम शुरु हुनेछ। प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने द्वन्द्व र मुद्दामा पनि विजयी भइनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - मेहनत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्य अनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार आदि प्राप्त गर्न सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - व्यापारमा फाइदा हुनेछ। पशुपालन र कृषिमा लाभ मिल्नेछ। सन्तानको साथले उत्साह जगाउनेछ। रमाईलो घुमफीर होला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - फाइदा हेर्दा नाम बिग्रन सक्छ। तापनि, आज अरूलाई दिने नभई भित्र्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। परिस्थिति अनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - मान्यजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ। आमालाई सोधेर गरेको कार्य शुभ रहला।

# झिलझिले हाटखोलाको टहरा नगरले बनाउने



□ विनोद सापकोटा

**झिलझिले, मंसीर १२।** शिवसताक्षी नगरको ठूलो झिलझिले बजारको टहराको जिर्णोद्धार नहुँदा यहाँका व्यापारी समस्यामा पर्न थालेका छन् ।

दुई दशकअघि निर्माण भएको टहराका काठ मक्किएर भाँचिन थालेपछि व्यापारी समस्यामा परेका हुन् । जस्ता पनि खियाले प्वाल पर्न थालिसकेको छ । २०५६ सालमा स्थानीय झिलझिले बजार विकास समितिको पहलमा तत्कालीन सतासीधाम गाविसले टहरा निर्माण गरेको थियो । टहराले यतिबेला न त घाम छेल्छ न त पानी नै ।

स्थानीयबासीका अनुसार २०२६ सालदेखि झिलझिलेमा सोमबार हटिया लाग्न थालेको हो । नगरका अन्य बजार मध्ये झिलझिले बजार ठूलो छ । सोमबारका दिन हाटखोलामा बजार लाग्ने गरेको छ । झापा, इलाम र मोरङ्गका व्यापारी झिलझिले बजारमा व्यापार गर्न आउने गरेको झिलझिले बजार बिकास समितिका अध्यक्ष कालीबहादुर लिम्बूले बताए । सोमबारे हटियामा पाँच सयभन्दा बढी व्यापारी अन्यत्रबाट व्यापारका लागि आउने गरेका छन् भने करोडौको कारोवार हुने गरेको उनले जानकारी दिएका छन् ।

झिलझिले बजारको हाट कर पछिल्ला चार वर्षदेखि शिवसताक्षी नगरपालिकाले संकलन गर्दै आएको छ । जानकारका अनुसार पहिलो वर्ष अर्थात् ०७२ सालमा नगरले चार लाख ५० हजारमा ठेक्का लगाएको थियो । त्यसपछि पाँच लाख ५० हजार माथि संकलन गर्दै आएको छ । स्थानीयबासीले भने- 'नगरले हाट र भिटौरी कर संकलन गर्छ तर, झिलझिले बजारको टहराको जिर्णोद्धार गर्दैन ।' यो वर्ष पनि नगरले पाँच लाख ७६ हजार ठेक्का मार्फत झिलझिले बजारको हाट कर संकलन गरेको थियो । शिवशक्ति मन्दिरका अध्यक्ष तीर्थबहादुर खड्काका अनुसार झिलझिले बजारबाट मात्रै नगरले कम्तिमा २५ लाख रुपैयाँ साप्ताहिक हाटकर संकलन गरिसकेको छ ।

शिवसताक्षी नगरले पनि जिर्ण बन्दै गएका नगरभित्रका बजारको टहराको जिर्णोद्धार गर्दै आएको बताएको छ । यसअघि मागका आधार झिलझिले वाहेकका बजारमा टहराको जिर्णोद्धार भएको नगरकी उपप्रमुख भोजकुमारी नेपालले बताइन् । उनले भनिन्- 'झिलझिले बजारको टहरा जिर्ण भएको नगरलाई जानकारी भए पनि मर्मत संहारका लागि लिखित माग स्थानीय उपभोक्ताबाट नआएकोले विलम्व भएको हो ।' उनले भनिन- 'अब झिलझिले बजारको टहराको जिर्णोद्धार नगर कार्यपालिका बोर्ड बैठकले स्थानीय उपभोक्ताको मागको आधारमा निर्णय गरेर आवश्यक रकम विनियोजन गर्छ ।' त्यसपछि झिलझिले बजारको मुहार परिवर्तन हुने उनले बताइन् ।

झापा निर्वाचन क्षेत्र नम्बर ४ का प्रदेश सभा सदस्य झलकबहादुर दर्लामी मगरले झिलझिले बजारको टहराको तत्काल जिर्णोद्धार गर्नुपर्ने बताए । उनले, ट्रष्ट निर्माण गरेर व्यापारीलाई स्टल बिक्री गर्नुपर्ने सुझाउ दिएका छन् । ११ कट्ठा क्षेत्रमा फैलिएको झिलझिले बजारको रुप परिवर्तन गर्न हाटखोलाको चारैतिर ड्रेन र शौचालय अनि बीचमा पार्किङ्ग टायल्स लगाएर बजारको सौन्दर्यता थप्नु पर्ने उनले बताएका छन् ।

झिलझिले बजारको हाटखोलाको पुन: निर्माणका लागि सांसद एलपी साँवा लिम्बूले निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट १० लाख विनियोजन गरेका छन् । आवश्यकता अनुसार प्रदेश सांसदले पनि रकम विनियोजन गरी झिलझिले हाटखोलाको टहरा निर्माण गर्ने बताए । स्थानीय भन्छन्- हालको टहरा हटाएर ट्रष्ट निर्माण गरी आवश्यकता अनुसार अन्य संरचना निर्माण गर्नुपर्ने बताएका छन् ।

# श्रमिकलाई सूचीकृत गर्न ध्यानाकर्षण



**विराटनगर, मंसीर १२।** श्रमिकलाई सूचीकृत गर्न संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले विराटनगरमा दबाबमूलक कार्यक्रम सम्पन्न गरेको छ ।

'सम्पूर्ण रोजगार दातालाई आह्वान समाजिक सुरक्षामा सूचीकरण हाम्रो अभियान' भन्ने नाराकासाथ संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले रोजगार प्रतिष्ठान मोरङ व्यापार संघलाई दबाबसँगै ध्यानकर्षण गराएको हो ।

पटक-पटक सूचीकरणका निम्ति समय थप गरिरहँदा पनि श्रमिकको त्याग र संघर्षबाट आएको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा उद्योग प्रतिष्ठान सूचीकृत नगराउनु घोर आपत्ति रहेको जनाउँदै मोरङ व्यापार संघको श्रमिकले ध्यानाकर्षण गराएका हुन् ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष किशोर धमलाले नयाँ श्रम ऐन लागू गर्न, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा प्रतिष्ठान सूचीकृत हुनुपर्ने, मजदुरहरुले पाउनुपर्ने अधिकार दिनुपर्ने र अन्यथा सम्पूर्ण ट्रेड युनियन तथा श्रमिक चरणबद्ध आन्दोलनमा जाने बताए ।

ट्रेड युनियन महासंघ समाजवादी फोरमका अध्यक्ष महोम्मद सदरुल मियाँले सरकारले दिएको सेवाबाट वञ्चित गर्न नपाइने बताए ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## विज्ञप्ति

यस पूर्वाञ्चल दैनिकमा मिति २०७६ मंसीर २ गते सोमबार गतिशील कृषि सहकारी संस्थाको तर्फबाट अध्यक्ष कमलप्रसाद भण्डारीले प्रकाशित गरेको विज्ञप्ति प्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । आ.व. २०७३/२०७४ को लेखा परीक्षण संस्थाको निर्णय अनुसार दर्तावाल लेखा परीक्षकबाट लेखा परीक्षण भएको छ, लेखा परीक्षकले तिनुपर्ने बताएको रकम सोही दिन दाखिला गरेको, साधारण सभाबाट सर्वसम्मत पास पारित भएको, लेखा परीक्षकबाट सम्पूर्ण श्रेस्ता प्रमाणित भएको, नयाँ बनेको कार्यसमितिले पुन: छानबिन समिति बनाइ हिसाब फरफारक गर्दा मेरो छोराको नाममा पाउन बाँकी हिसाब निकाली केही रकम फिर्ता दिएर हिसाब फस्यौट भएको तथा सोलाई निर्णय पुस्तिकामा अभिलेख समेत गरिएको छ । तथापि विशुद्ध व्यक्तिगत प्रतिशोधबाट मेरो छोराले रकम अपचलित गरेको भनी लान्छित एवम् एवम् मानसिक तनाव समेत दिएकोले अब उप्रान्त यस किसिमका कार्य निरन्तर रहे सो आ.व. को लेखा परीक्षक, नि. सञ्चालक समिति, वर्तमान समिति, लेखा समिति उपर न्यायको लागि कानूनी उपचारमा जाने समेत यसै विज्ञप्ति मार्फत जानकारी गराउँछु ।

**निवर्तमान व्यवस्थापक अनिल खातिको तर्फबाट**
**बुबा : चन्द्रवीर खाती,** अर्जुन्धारा-६, झापा

## Star Montessori

Buddhashanti-1, Jhapa. Tel. 023-555810

## VACANCY ANNOUNCEMENT

A well-established Montessori based school in Buddhashanti, Jhapa requires for the following posts. Interested candidates are welcome to apply along with typed application, photocopies of certificate and bio data within 2076/08/15. Can send your document and application through starmontessori2015@gmail.com or drop at office.

| S.N. | Post | Qty | Qualifica | Other qualification | Exp. | Salary |
|---|---|---|---|---|---|---|
| 1. | Teacher | 1 | Bachelor | Montessori trained, able to teach music, dance & Eng. subject | 2 Years | Minimum salary declared by govt NRs. 13450/- |
| 2. | Asst. Teacher | 1 | +2 pass | Montessori trained, Computer literate, dance & Eng. subject | 1 Year | NRs. 8500/- |
| 3. | Asst. Teacher | 1 | +2 pass | Able to teach to child fluency in english | 1 Year | NRs. 6000/- |

यही मंसीर २२ गतेदेखि मोन्टेश्वसरी तालिम सञ्चालन हुने भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यसमिति निर्वाच्नका लागि प्रकाशित निर्वाचन कार्यक्रमको

## सूचना सूचना सूचना

| क्र.सं. | कार्यक्रम तालिका | मिति | समय |
|---|---|---|---|
| १ | प्रथम मतदाता नामावली प्रकाशन | २०७६/०८/२१ | बिहान ७ बजे |
| २ | मतदाता नामावली माथि दाबी विरोध | २०७६/०८/२१ | बेलुका ४ बजेसम्म |
| ३ | दाबी विरोध माथि छानविन | २०७६/०८/२१ | बेलुका ४ बजेदेखि ४:४५ |
| ४ | अन्तरिम मतदाता नामावली प्रकाशन | २०७६/०८/२१ | बेलुका ५ बजे |
| ५ | उम्मेदवारी दर्ता | २०७६/०८/२२ | बिहान ८ बजेदेखि ११ सम्म |
| ६ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०७६/०८/२२ | दिउसो १२ बजे |
| ७ | उम्मेदवार माथि छानविन र दोस्रो नामावली प्रकाशन | २०७६/०८/२२ | दिउसो ३ बजे |
| ८ | उम्मेदवारी फिर्ता | २०७६/०८/२३ | बिहान ८ बजेदेखि १ सम्म |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७६/०८/२३ | बेलुका ४ बजे |
| १० | मतदान | २०७६/०८/२५ | बिहान ८ बजेदेखि ४ सम्म |
| ११ | मत गणना | २०७६/०८/२६ | बिहान ८ बजेदेखि |
| १२ | घोषणा | - | मत गणना सकिएपछि |

नोट: मतदान नर्ग खानेपानी संस्थाको परिचयपत्र र परिचय खुल्ने अन्य कुनै सरकारी प्रमाण लिएर आउनुपर्नेछ । निर्वाचन समबन्धी सम्पूर्ण अधिकार निर्वाचन समितिमा निहित रहने छ ।

**टंक उप्रेती : संयोजक**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
भद्रपुर, झापा

## पुरानो भवन लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथमपटक सूचना जारी भएको मिति: २०७६/०८/१३**

श्री गृह मन्त्रालयको च.नं. १९५ मिति २०७६/०६/२९ को स्वीकृती पत्र र आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८को उपनियम ३ (ख) बमोजिमको मूल्यांकन समितिको निर्णय अनुसार यस कार्यालयको २ तले पुरानो पक्की भवन लिलाम बिक्री गर्नु परेकाले इच्छुक सबैको जानकारीका लागि आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५८को उपनियम ८ र ९ बमोजिम यो सूचना जारी गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१) इच्छुक बोलपत्र दाताहरुले बोलपत्रसाथ अध्यावधिक फर्म र कम्पनी दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।
२) इच्छुक बोलपत्र दाताहरुले यो सूचना जारी भएको मितिले २१औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी रु १,०००।- (फिर्ता नहुने गरी) बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
३) बोलपत्र फाराममा दर स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
४) खरिद गरिएका बोलपत्रहरु यो सूचना जारी भएको मितिले २२औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । यसरी म्यादभित्र दाखिला भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खरिद एवम् दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।
६) बोलपत्रसाथ बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १०% का दरले हुन आउने एकमुष्ट रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, झापाको राष्ट्रिय बाणिज्य बैंक, भद्रपुरस्थित धरौटी खाता नं. २२१०२०३००००००० र कार्यालय कोड नं. ३१४९२१२०३ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
७) रित नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम् मूल्यभन्दा घटी अंकित भएको वा शर्तसहितको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
८) बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ ।
९) पुरानो भवन भत्काउने, स्थान खाली गराउने तथा त्यस भवनबाट निस्कने भग्नावशेष तथा बेकामे मालसामान व्यवस्थापन गर्न लाग्ने खर्च कट्टा गरी पुरानो भवनमा रहेका मालसामानहरुको न्यूनतम् मूल्य रु १,५५,५६२।८७ (मु.अ.कर बाहेक) कायम गरिएको छ ।
१०) सम्वन्धित इच्छुक फर्म, कम्पनी वा व्यक्तिले लिलाम हुने संरचना हेर्न चाहेमा तथा विस्तृत जानकारीको लागि यस कार्यालयको स्टोर शाखामा सम्पर्क राख्नुहोला ।
११) बोलपत्र स्वीकृत भएको ६० दिनभित्र भवन भत्काई लैजानु पर्नेछ । नलगेमा १०% धरौटी रकम जफत हुनेछ ।
१२) भवन भत्काई लैजादा सोबाट उत्पन्न हुने फोहोर व्यवस्थापन र भवन भत्काउँदा आइपर्ने सम्पुर्ण जोखिम बोलकबोल गर्ने व्यक्ति वा फर्म स्वयंले व्यहोर्नु पर्नेछ ।
१३) यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित ऐन र नियमावली बमोजिम हुनेछ ।

## पैदल यात्रीको मृत्यु

**मोरङ, मंसीर १२।** मोरङ बेलबारी नगरपालिका-२ स्थित पूर्व पश्चिम राजमार्गमा ट्रकको ठक्करबाट ७० बर्षीय बलबहादुर लिम्बूको मृत्यु भएको छ ।

पूर्वतर्फ जादै गरेको ना ६ ख ३७२७ नम्बरको ट्रकले पैदलयात्री तेह्रथुम बसन्तपुर नगरपालिका- ४ का लिम्बूलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए । घाइते भएका लिम्बूको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

ठक्कर दिने ट्रक र चालक बारा निजगढ नगरपालिका-९ का २५ वर्षीय रमेश बर्तौलालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

## पसल तु-बिक्रीमा

बिर्तामोडस्थित मनमोहन हस्पिटल अगाडि सूर्योदय मार्केटमा अति चालू अवस्थाको गिफ्ट आइटमको पसल तु-बिक्रीमा छ ।

**सम्पर्क : ९८१४९७६५५५**

## दुबईमा सेक्युरिटी गार्डहरूलाई रोजगारको अवसर

कम्पनी : **Arabian Gulf Security Services L.L.C.** शहर : **Dubai**

पूर्व स्वीकृति मिति: 2018/08/13 चलानी नं. ६०१३३३५३ लट नं. 212823

| पद | संख्या | तलब | खान/बस्न | काम | करार |
|---|---|---|---|---|---|
| Security Guard | ५० | १५००/-AED | छैन/छ | ८ घण्टा २६ दिन | २ बर्ष |

SLC पास हुनुपर्नेछ, अंग्रेजी बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उचाइ ५.५ इञ्चभन्दा माथि । बेसिक तलब १५०० AED भएता पनि १२ घण्टा २६ दिनको २२७० कमाई हुनेछ ।

**फाइनल अन्तरवार्ता यही मंसीर १७ गते मंगलबार होटल मोक्ष बिर्तामोडमा हुनेछ ।**

## परदेशी ओभरसीज प्रा. लि.

गौशाला-काठमाडौं (फोन: ९८१५०६९५९४, ९८१५९८५६५७, ९८१४०५५५५०)

## प्याकेजिङ्ग हेल्पर, मेशन, स्टिल पिक्चरलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मिति: २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Masson | ५० | 1300/- DHS | | | | |
| Labour helper | ५० | 884/-DHS | | | | |
| Steel fixture | ५० | 1300/-DHS | | | | |

**२१ दिनमा उड्न सक्नेले मात्र सम्पर्क गर्नुहोला ।**
**फाइनल अन्तरवार्ता यही मंसीर १६ गते सोमबार बिर्तामोडमा हुँदैछ ।**

## सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोन: ९८०८०७४५९८, ९८०३०७४४३९)

*नोट: ४५ वर्ष उमेर भएकाहरुले पनि दुबईको लागि एप्लाई गर्न मिल्नेछ ।*



# गौरादह पोखरीको संरक्षणमा जुट्यो नगरपालिका


झापा जिल्लाको पश्चिम दक्षिणमा अवस्थित गौरादह नगरपालिकाको वक्षस्थलमा रहेको सुन्दर गौरादह पोखरी प्राकृतिक पहिचानको रुपमा रहेको छ ।

१२ विगाह दुई कठ्ठा पाँच धुरमा फैलिएको यस पोखरीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सरकारले बजेट छुट्याएको छ । आर्थिक वर्ष २०७६/०७७ मा पर्यटन, उद्योग वन तथा वातावरण मन्त्रालयले एक करोड ५० लाख छुट्याएको हो । यसको विस्तृत योजना तर्जुमा गरी बालउद्यानसहितको पार्क, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्र, परम्परागत वस्तुहरुको प्रदर्शनी स्थल, पोखरीलाई सफा, सुन्दर, हरियाली एवम् रमणीय क्षेत्र बनाउन गौरादह नगरपालिका जुटेको छ ।

ऐतिहासिक पहिचान वोकेको यस पोखरीलाई पर्यटकीय आगमन स्थल बनाउन जलाधार सिमसार क्षेत्रको संरक्षण गरी आधुनिक पार्क निर्माण गरी बाल उद्यानका साथै पोखरीको मध्य भागमा एक शिव मन्दिर र मन्दिरसम्म जाने पुलको निर्माणका साथै गौरादह बजारको दृष्य अवलोकन गर्नका लागि भ्यू-टावर निर्माणले वाह्य तथा आन्तरिक पर्यटकको लागि मुख्य आकर्षक गन्तब्यको रुपमा विकसित भई भ्रमण वर्ष २०२० लाई टेवा पुग्ने नगरपालिकाले जनाएको छ ।

**प्रस्तुति : आत्मराम राजवंशी**

# मंसीर र दाइजो



**मनिषा विमली**

विवाहको महिनाका रुपमा चिनिने महिना हो मंसीर । घरमा पनि रातो र पहेलो रंगका निमन्त्रणा पत्रहरु यत्रतत्र छन् । यी रंगिन विवाहका कार्ड पछाडि पनि धेरै काला कहानी हुने गर्छन् । हुन त पैसा भनेपछि महादेवको पनि तीन नेत्र भनिने गरिन्छ । अनि मानिस किन नलोभियोस् त । परिवारले छोरीलाई बोझका रुपमा लिने मुख्यकारक पनि दाइजो नै हो ।

अनेकौं दुःख गरेर हुर्केको छोरीलाई पैसामा तौलिँदा मन कटक्क नखाँदो हो त ? विवाह पनि एकप्रकारको व्यापार नै हो । विभिन्न किसिमका स्वार्थ र इच्छा राखेर गासिने सम्बन्ध एउटा सम्झौताभन्दा कम हुँदैन । त्यति मात्र कहाँ हो र । विवाहपछि दिइने मानसिक र शारीरिक यातनाका कारणले गर्दा छोरीचेली आत्महत्या । बाजा बजाउँदै बुहारी भित्र्याएर भोलिपल्टदेखि यातना दिने गरिन्छ र बुहारी चुपचाप यातना र पीडा सहदै बस्छिन् । माइतीको इज्जत र मान प्रतिष्ठाका लागि ती पीडा सहन बाध्य हुन्छिन् बुहारी । रंगीन सपना रंगीन मेहेन्दी नहट्दै तोडिने गर्छ । सन्तान कसलाई प्यारो हुन्न र ? यस्ता यातना देख्दादेख्दै पनि बुवा-आमा इज्जत जान्छ छोरी सहिदे भन्न बाध्य हुन्छन् ।

घर जमिन बेचेर छोरीको विवाह गरेका कारणले होला छोरी हेला भएका । छोरीको विवाहलाई यिनै कारणले गर्दा आतंकका रुपमा लिने गरिन्छ । छोराको पढाई अनुसार उसको मोल पनि बढ्ने रहेछ । छोरा डाक्टर हुँदा आधा करोडभन्दा माथि अनि छोरी पनि त्यही क्षमता र सक्षम हुँदा पनि रकम र पीडा उही नै । छोरा छोरी पढाउने कुरामा आजकालका अभिभावकले कुनै विभेद गरेका हुँदैनन्, त्यही पनि अभिभावक छोरी र दाइजोदेखि त्रसित नै हुने गर्छन् ।

यो निम्न वर्गमा मात्र हुने कुप्रथा होइन यो त हुने खाने भनौदा उच्च वर्गका घरमा पनि हुने गर्छ, तर पारदर्शी हुँदैन । कुनै घटना घटेपछि मात्र बाहिर आउने गर्छ । दाइजो र हिंसाका लागि आवाज पहिलैबाट उठ्दै आइरहेको छ, तर कहिले काहीँ ती कुरा आवाजसम्म सिमित हुन पुग्छन् । एक सत्य घटनामा आधारित



गर्न बाध्य हुन्छन् भने उनीहरु हत्याका शिकार पनि हुने गर्छन् । कलिला युवतीका सपना उजाडी दिन्छ दाइजोले अनि एक परिवारले छोरी गुमाउन पनि बाध्य हुन्छ । छोरीलाई पढाउने पैसा दाइजोको रुपमा जम्मा गरिन्छ । एक पिताको जिन्दगीको कमाई दिएर छोरी बिदा गरिन्छ अनि पराइ घर गएपछि मानसिक र शारीरिक यातना दिएर हत्या गरिएका चेलीको खबर हरेक दिन पत्रिकामा पढ्दा र समाचार सुन्दा छोरी भएर जन्मिनु पनि गल्ति हो जस्तो लाग्छ ।

छोरीले पढेर के गर्छे ? यो प्रश्न जमानादेखि सुन्दै आइरहेको छौं । पढेर पनि बुहारीलाई घरको चुलोमा सिमित राख्ने गरिन्छ । कुनै डिग्री कागजमा सिमित हुने गर्छ । पढेका छोराका लागि पढेकी घरमा काम गर्ने बुहारी खोज्ने गरिन्छ । स्वाभलम्बी र आत्मनिर्भर हुन नदिनेले पढेकी बुहारी खोज्नुको के औचित्य ? अझ जति उमेर काट्यो त्यति धेरै दाइजो दिने चलन छ रे कार्यक्रममा एक पढेलेखेकी महिला दाइजोको शिकार हुन पुग्छिन् । सासुससुरा एक क्याम्पसमा शिक्षक अनि पति डाक्टर, तर पहिलो सन्तानका रुपमा छोरी जन्मिँदा अनेकौं हिंसाको शिकार भएको कहानी सुन्दा पनि अपत्यारिलो लागेको थियो । सन्तान छोरा या छोरी हुनुमा महिलाको कुनै हात हुँदैन त्यही पनि हिंसा जति सबै महिलाले मात्र सहनुपर्ने ।

मंसीर महिना लागेसँगै धेरैका घरमा विवाहको बाजा बज्ने तयारी भइरहेको छ । अब विवाह गर्ने केटाले पनि आवाज उठाउन जरुरी छ । दाइजोलाई संस्कृति भन्दै अगाडी बढाउनुभन्दा कुरीति सम्झेर हटाउने तर्फ लाग्नु जरुरी छ । शिक्षितभन्दा बौद्धिक हुन जरुरी छ । मेहेन्दीका रंग जस्तै रंगीन हुन् छोरीचेलीका जिन्दगी । दाइजोको पीडाले मन र शरीर नपोलियोस् । जीवनसाथी पैसाका लागिभन्दा पनि साथका लागि छानिने गरियोस् । मंसीरले आतंक नमचाओस् शुभकामना ।

# चालक अनुमतिपत्र नेपालीकरण अन्यौलमा

**झापा, मंसीर १२।** अन्य मुलुकमा बनेको 'स्मार्ट' चालक अनुमतिपत्र नेपालीकरण रोकिएको डेढ वर्ष बिते पनि सो सेवा फेरि खुलाउने वा नखुलाउने भन्ने अन्यौल छ ।

नेपालीकरण गर्नका लागि आवश्यक कानूनी व्यवस्था नहुँदा खुलाउन नसकिएको हो । वैदेशिक रोजगारीमा वा अध्ययनका लागि विदेश गएर आएका वा विभिन्न कामका सिलसिलामा नेपाल आएका विदेशी सेवाग्राही सो सेवा लिन आइपुग्ने गरेका छन् । 'स्मार्ट' चालक अनुमतिपत्र नेपालीकरणका लागि पहिले आवश्यक निर्देशिका बनाएर मात्रै काम गर्न सकिने यातायात व्यवस्था कार्यालय चालक अनुमतिपत्रले जनाएको छ ।

आवश्यक कानूनी व्यवस्था नहुँदा केलाई आधार बनाएर चालक अनुमतिपत्र जारी गर्ने भनी समस्या रहेको कार्यालयका प्रमुख डम्बरबहादुर चन्दले बताए । कार्यालयले अहिले कुटनीतिक नियोगमा कार्यरत कर्मचारीको मात्रै परराष्ट्र मन्त्रालयको सिफारिसमा चालक अनुमतिपत्र नेपालीकरण गर्दै आएको छ । यातायात व्यवस्था कार्यालय अहिले प्रदेश सरकारमा गइसकेकाले उसले नै आवश्यक कानून बनाउनुपर्नेमा उनको जोड छ । उनले भने- 'धेरै सेवाग्राही आइरहेकाले हामीले प्रदेश सरकारलाई कानून निर्माण गर्न भनिरहेका छौँ ।'

सरकारले नेपालमा 'स्मार्ट' चालक अनुमतिपत्र शुरु भएपछि अरु देशका 'स्मार्ट' चालक अनुमतिपत्रका आधारमा नेपालको 'स्मार्ट' चालक अनुमतिपत्र दिन शुरु गरेको थियो । विदेशमा बनेको 'स्मार्ट' चालक अनुमतिपत्र सही हो/होइन भनी छुट्टाउन नसकिने हुँदा विगतमा विभिन्न किसिमका समस्या आएको थियो ।

सोही मुद्दामा संलग्न भएको भनी यहाँ कार्यरत् कर्मचारीलाई समेत कारवाहीको सिफारिस भएको थियो । नेपालीकरणका लागि आवश्यक कानूनी आधार नभएको भन्दै कार्यालयले वि.सं. २०७५ भदौमा नै सो सेवा अवरुद्ध गरेको थियो ।

# 'टेष्ट राइड' गर्न दिएपछि–



**झापा, मंसीर १२।** कुनै पनि ग्राहक मोटरसाइकल किन्न आउँदा अवस्था कस्तो छ भनेर 'टेष्ट राइड' गर्ने चलन हुन्छ । व्यवसायीले पनि बिक्रीको चाहना राखेर सजिलै 'टेष्ट राइड' गर्न दिन्छन् । होस पुऱ्याइएन भने परीक्षणका गर्न लगिएको मोटरसाइकल चोरी हुने सम्भावना उत्तिकै छ ।

काठमाडौँमा यसैगरी टेष्ट राइड गर्दा मोटरसाइकल नै गायब भएको छ । मोटरसाइकल धनी मिलन सुब्बाले रु. छ लाख ५० हजार पर्ने एउटा मोटरसाइकल बिक्रीमा छ भनेर हाम्रो बजार डटकममा राखे । त्यो देखेपछि काभ्रेका अञ्जन बराल खोज्दै-खोज्दै सुकेधारा पुगे । बरालले किन्नु अगाडि 'टेष्ट राइड' गर्ने भनेपछि सुब्बाले सहजै हुन्छ भने । टेष्ट राइडमा गएको व्यक्ति निकै समय नआएपछि उनलाई मोटरसाइकल चोरी भएको आशंका भयो र तत्कालै महानगरीय प्रहरी परिसर काठमाडौंमा खबर गरे ।

प्रहरीले मोटरसाइकल खोजी जारी राखेकै बेला आइतबार जनता बैंकका एक खातावालाको नक्कली हस्ताक्षर गरेर चेक मार्फत झण्डै रु. २० लाख चोरी भएको सूचना आएपछि त्यसको अनुसन्धानमा प्रहरी खटियो । पैसा चोरी गर्नेलाई पक्राउ गर्ने क्रममा उक्त मोटरसाइकल फेला परेको परिसरका प्रवक्ता प्रहरी नायब उपरीक्षक होविन्द्र बोगटी बताउँछन् । बैंकमा लुटपाट गर्ने र मोटरसाइकल चोरीमा अञ्जन सक्रिय देखिएको उनले बताए । उसले यसअघि पनि टेष्टराइडकै नाममा पटक-पटक मोटरसाइकल चोरी गरेको फेला परेको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका अनुसार यस्ता घटना बेला-बेलामा देखिएको र नयाँ मोटरसाइकल हराउने गरेको जनाएको छ । बुधबार मात्रै भेटिएका १७ मोटरसाइकलमा केही नयाँ मोटरसाइकल समेत थियो । महाशाखाका प्रहरी उपरीक्षक रवि पौडेलले साउनदेखि अहिलेसम्म एक सय १८ मोटरसाइकल फेला पारेर धनीलाई बुझाइएको बताए ।



# 'म अनलक्की नायिका नै हुँ'

नेपाली फिल्मकी 'कान्छी' नम्रता श्रेष्ठले फिल्म 'गाँठो' बाट अभिनय करिअर शुरू गरेकी थिइन् । यसमा उनको अपोजिटमा अभिनेता नाजिर हुसेन थिए । डेब्यू फिल्ममा नै सोलो अभिनेत्रीको रूपमा काम गर्न पाउँदा उनी दंग थिइन् । फिल्म हिट भए आफू दर्शकमाझ 'नोटिस' हुने उनको विश्वास थियो । तर, फिल्मले हलमा सिन्को भाँचेन । न त उनको अभिनय कलाकै प्रशंसा भयो ।

उनी अभिनित दोस्रो फिल्म हो- 'जानी नजानी' । यसमा उनी सहायक भूमिकामा थिइन् । तर, यो फिल्म पनि बक्सअफिमा नमज्जासँग डुब्यो । अब, उनको तेस्रो फिल्म 'माछा माछा' यही मंसीर २० गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । यसमा उनको जोडी अभिनेता सौगात मल्लसँग बाँधिएको छ । दुई फिल्मबाट असफलता भोगेकी उनी यो फिल्मबाट निकै आशावादी छिन् ।

तर, उनको नामलाई लिएर दर्शक र फिल्मकर्मी निकै झुक्किने गर्दछन् । 'नोभेम्बर रेन' फेम्ड अभिनेत्री नम्रता श्रेष्ठसँग नाम मिल्ने भएका कारण उनले आफूलाई 'कान्छी' नम्रता श्रेष्ठको रूपमा चिनाउने गरेकी छन् । तर, अझै पनि धेरैले उनलाई 'ठूली' नम्रता नै सोच्छन् । आफूलाई चिनाउँदा/चिनाउँदै दिक्दार भइसकेकी नम्रता 'माछा माछा' ले आफ्नो पहिचान दिलाउनेमा आशावादी छिन् ।

मंगलबार राजधानीमा पत्रकारसँग कुराकानी गर्दै उनले भनिन्- 'मैले अभिनय गरेका फिल्म दर्शकको ठूलो वर्गसम्म पुग्न सकेको छैन । त्यसैले मेरो नाम सुनेपछि सबैले नम्रता श्रेष्ठ (ठूली) नै ठान्नुहुन्छ । 'माछा माछा' सफल भएको खण्डमा 'म अर्कै नम्रता हुँ' भनेर चिनिन सक्छु भन्ने विश्वास छ ।' तर, उनी 'ठूली' नम्रता श्रेष्ठ आफ्नो पहिचानमा बाधक बनेको स्वीकार गर्ने पक्षमा छैनन् । 'गाँठो' र 'जानी नजानी' फ्लप भएपछि धेरैले उनलाई 'अनलक्की' नायिका भन्ने गरेका छन् । के उनी 'अनलक्की' नायिका नै हुन् त ? उनले भनिन्- 'फिल्मको हकमा म आफूलाई 'अनलक्की' नायिका नै मान्छु । किनकि, म अभिनित फिल्म चल्न सकेका छैनन् । यसो भन्दैमा मैले मेहनत गर्न छाडेको चाहिँ छैन । 'माछा माछा' ले 'लक्की' बनाउला कि !'


securiguard Middle East

**UAE मा PSBD Guard हरुलाई रोजगार**

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०८/०१ | चलानी नं.: ६०१४६४२६ | L.T. No.: 227241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 350 | 0 | स. कक्षामा दस | 2000 | ६२,३८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।

**फाईनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिद्वारा विर्तामोडको होलिडे होटलमा मंसिर १७ र १८ गते हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Lic No. 689/063/064

**सन लाइट ह्युमन रिर्सोस प्रा.लि.**

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813